म.जि. प्र. का. द.नं. : १०६/०६८, | वर्ष १४ | अंक १७१ | शुक्रबार, १८ माघ २०८१ | ने. सं. ११४५ सिल्लाथ्व | 31 January 2025 | www.sajhakuranews.com | पृष्ठ संख्या ४ | मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा
राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## आयआर्जन समूहलाई बेसार प्याकेजिङसम्बन्धी तालिम

हेटौडा, १७ माघ/मकवानपुरगढी गाउँपालिका-५ सिमलटारमा बेसार प्याकेजिङसम्बन्धी तालिम भएको छ । विहीबार बुङ्दल सामुदायिक वन उपभोक्ता समूहको भवनमा बेसारखेती गर्दै आइरहेको बुङ्दल महिला कृषि आयआर्जन समूहका सदस्यलाई बेसार प्याकेजिङसम्बन्धी तालिम प्रदान गरिएको हो । वन तथा कृषि सहज कार्यक्रमको सहकार्य तथा वन समूहको आयोजनामा भएको तालिमलाई जिल्ला कृषि सहकारी संघ मकवानपुरका व्यवस्थापक नरेश आचार्यले सहजीकरण गरेका छन् । वन समूहका अध्यक्ष भीमबहादुर अधिकारीको अध्यक्षतामा भएको तालिममा वडा नम्बर ५ का वडाअध्यक्ष दीपेश दाहालको प्रमुखआतिथ्यता थियो । कार्यक्रममा सवडिभिजन वन कार्यालय मकवानपुरगढीका सहायक वनअधिकृत निश्चल घिमिरे, तालिमका प्रशिक्षक नरेश आचार्य, वन समूहका सल्लाहकार चन्द्रप्रसाद दुलाल, फेकोफन मकवानपुरका कोषाध्यक्ष बलराम अधिकारी, फेकोफनका कार्यक्रम संयोजक सन्ध्या शिवाकोटी, आयआर्जन समूहका अध्यक्ष विन्दा लामिछानेलगायतको उपस्थिति रहेको थियो ।

# चार महिनापछि बस्दै प्रदेशसभा, सरकारको प्रतिबद्धता खोज्दै विपक्षी

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/चार महिनादेखि ठप्प बागमती प्रदेश सभाको हिउँदे अधिवेशन आज शुक्रबारबाट सुरु हुने भएको छ । प्रदेशप्रमुख यादवचन्द्र शर्माले आज ११ बजे प्रदेशसभाको १५औं अधिवेशन आव्हान गरेका थिए ।

प्रदेशसभा ठप्प भएको चार महिनापछि सरकारले प्रदेशसभा बैठक राख्न लागेको हो । लामो समयदेखि प्रदेशसभा नराखेको भन्दै विपक्षी दलहरुले सरकारको ध्यानाकर्षण गराउँदै आएका थिए । गत ३१ वैशाख २०८१ देखि सञ्चालन भएको बागमती प्रदेश सभाको बर्खे अधिवेशन असोज ७ गते सकिएको थियो । यस अवधिमा बसेका ३८ वटा बैठकले चारवटा विधेयक पारित गरेको थियो ।




यस्तै, विपक्षी दलहरुले सरकारले विगतमा गरेका सहमति कार्यान्वयनको प्रगतिबारे बिहीवार प्रदेशसभामा बसेको कार्यव्यवस्था परामर्श समितिको प्रश्न उठाएपछि सम्भावित कार्यसूचिमा फेरबदल आएको छ । सरकारले आजको बैठकमा केही विधेयक प्रस्तुत गर्ने तयारी गरेपनि प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्र र राप्रपाले विगतको सहमति कार्यान्वयनमा जोड दिएपछि कार्यसूचिमा परिवर्तन भएको हो । कार्यव्यवस्था बैठकमा नेकपा एकीकृत समाजवादी र नेपाल मजदुर किसान पार्टी सहभागी थिएन ।

गत शुक्रबार बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश चलचित्र सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभामा पेस गर्ने निर्णय गरेको थियो । आजको बैठकमा विधेयकहरु प्रस्तुत नहुने र प्रदेशप्रमुखले पठाएको पत्र पढेर सुनोउने, दलका नेताहरुले अधिवेशनबारे शुभकामना दिने कार्यसूचि तय भएको प्रतिपक्षी दल माओवादी केन्द्रका प्रमुखसचेतक रत्नप्रसाद ढकालले जानकारी दिए । 'हामीले सरकारको विगतको सहमति कार्यान्वयनको अवस्था खोज्यौं । त्यो कार्यान्वयनमा जाने प्रतिबद्धतापछि मात्रै विधेयकलगायत विषय अगाडि बढ्ने अडान लिएपछि कार्यसूचिमा परिवर्तन भएको छ' ढकालले भने ।

सरकारले सहजै प्रदेशसभा सञ्चालनको वातावरण तयार नगरेको प्रतिपक्ष दलहरुले आरोप लगाएका छन् । ६ असोज २०८१ मा बागमती प्रदेशसभाका दलहरुबीच विपक्षी दलका सांसदको योजनामा बजेट थप गर्ने सहमति भएको थियो । नेकपा माओवादी केन्द्र, एकीकृत समाजवादीसहित विपक्षी दलले प्रदेशसभा अवरुद्ध गर्ने तयारी गरेपछि सरकारको सक्रियतामा बसेको सर्वदलीय बैठकमा अपुग बजेट थप्ने सहमति बनेको हो ।

'आर्थिक वर्ष २०८१/८२ को विभिन्न विषयगत मन्त्रालयमा माननीयज्यूहरुका योजना छुटेका र रकम अपुग भएको सन्दर्भमा दलहरुबीचको एउटा कार्यदल बनाई पेश भएका योजनाको अध्ययन गरी रकम थपगर्न कात्तिक दोस्रो सातासम्ममा सरकारलाई सुझाव सहित सिफारिस साथै अधुरा योजना सम्पन्न गर्न आवश्यक योजना बनाई अगाडि बढ्ने निर्णय गरियो', सर्वदलीय बैठकको निर्णयमा भनिएको छ ।

चालू आर्थिक वर्ष २०८१/८२ को बजेटमा सरकारले प्रत्यक्ष निर्वाचित सांसदलाई ३ करोड र समानुपातिक सांसदलाई २ करोड सिलिङ तोकेकोमा पर्याप्त बजेट नदिएको सांसदहरुको गुनासो थियो । सर्वदलीय बैठकले योजनाको मूल्यांकन र बजेटको आकार निर्धारणका लागि नेपाली कांग्रेस संसदीय दलका उपनेता रामकृष्ण चित्रकारको संयोजकत्वको गठन गरेको कार्यदलले सरकारलाई प्रतिवेदन दिइसकेको छ । तर, सरकारले सहमति कार्यान्वयन नगरेको भन्दै विपक्ष दल असन्तुष्ट देखिएका छन् ।

कार्यदलमा एमालेबाट मधुसुदन पौडेल, माओवादीबाट रत्नप्रसाद ढकाल, राप्रपाका गिरबहादुर तामाङ, एकीकृत समाजवादीका बसन्त मानन्धर र हाम्रो नेपाली पार्टीबाट शैलेन्द्रमान बज्राचार्य सदस्य छन् । कार्यदलमा विपक्षी दल नेमकिपा भने सहभागी छैन । कार्यदललाई कात्तिक दोस्रो सातासम्म पेश भएका योजनाको अध्ययन गरी रकम थप गर्न सुझाव दिने समयसीमा तोकिएको थियो । कार्यदलले १ अर्ब रुपैयाँ भन्दा बढी बजेट थप गर्नुपर्ने प्रस्ताव गरेको कार्यदलका एक सदस्यले बताए ।

कार्यदलले प्रतिवेदन दिएपनि सरकारले कार्यान्वयनमा चासो नदेखाएको प्रमुखसचेतक ढकालले बताए । बाढीपहिरोले क्षति पुऱ्याउँदा सर्वदलीय बैठक बसेर राहत वितरणलगायतका विषयमा भएको सहमति कार्यान्वयनमा सरकारको भूमिका खोजिएको उनले बताए । विपद् व्यवस्थापनका सन्दर्भमा असोजपछिका बैठकले गरेको निर्णयमा सरकारले ठोस कदम चाल्न नसकेको उनको आरोप छ । विपद् प्रभावित नागरिकको अस्थायी आवास निर्माणका लागि दुई लाख रुपैयाँ उपलब्ध गराउने निर्णयसमेत सरकारले नबढाएको ढकालले बताए । राप्रपा संसदीय दलका नेता उद्धव थापाले प्रदेशसभा सञ्चालनको विषयमा सत्ता र प्रतिपक्षबीचको समस्या हल गरेर अघि बढ्नुपर्ने बताए ।

# म्यान मकवानपुरको अध्यक्ष र उपाध्यक्षका लागि मतदान हुने





साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/मोवाइल एशोसिएसन अफ नेपाल (म्यान) मकवानपुरको आसन्न निर्वाचनमा अध्यक्ष र उपाध्यक्ष पदमा मात्रै मतदान हुने भएको छ ।

विहीबार भएको उम्मेदवारी मनोनयन दर्तामा दुईदुई जना प्रतिस्पर्धी भएपछि अध्यक्ष र उपाध्यक्ष पदमा मात्रै मतदान हुने निर्वाचन आयुक्त दिनेश लामाले बताए । अध्यक्ष पदमा हरिप्रसाद न्यौपाने (सागर) र रोहिणीप्रसाद गौतम (गोपाल) ले उम्मेदवारी दर्ता गराएका छन् । न्यौपाने हाल वरिष्ठउपाध्यक्ष हुन् भने गौतम उपाध्यक्ष छन् । त्यस्तै उपाध्यक्ष पदमा भने अनिल दासबानियाँ र शिवप्रसाद बास्तोलाले आफ्नो उम्मेदवारी दर्ता गराएका छन् ।

शनिबार हुने १३ औं वार्षिक साधारणसभा तथा ७ औं अधिवेसनमा यी दुईपदका लागि मतदान हुने भएको हो । मनोनयन दर्तासँगै अन्य पदमा भने निर्विरोध निर्वाचित भएका छन् । निर्विरोध हुनेमा वरिष्ठ उपाध्यक्षमा राजकुमार दाहाल, महासचिवमा मिलन स्याङ्तान, कोषाध्यक्षमा प्रवेश चापागाई, सहकोषाध्यक्षमा पुष्पराज गौतम, सचिवमा सुमन रायमाझी चयन भएका छन् ।

६ सदस्यका लागि ६ जनाको मात्रै उम्मेदवार परेको छ । जसमा एदिस रिजाल, जीवनाथ अधिकारी, पप्पुकुमार केसरी, सन्तोष दाहाल, अदाम हुसेन मंसुरी र निरोज रिमाल निर्विरोध निर्वाचित भएको आयुक्त लामाले बताए । म्यान मकवानपुरमा थाहानगरक्षेत्रका १३ जना, मनहरीक्षेत्रका १८ जना र हेटौंडाका एकसय ३ जना गरी एकसय ३४ जना सदस्य आवद्ध रहेको म्यान मकवानपुरका अध्यक्ष नवराज चौलागाईंले बताए । मोवाइल व्यवसायी त धेरै छन् तर, एशोसिएसनमा आवद्ध सदस्यले मात्रै मतदान गर्न पाउनेछन्, अध्यक्ष चौलागाईले भने ।

# श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानको अध्यक्षमा न्यौपाने

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/श्यामप्रसाद शर्मा स्मृति प्रतिष्ठानको अध्यक्षमा सूर्यचन्द्र न्यौपाने चयन भएका छन् । बुधबार हेटौंडा-१० स्थित डा. टोनी हेगन पार्कमा भएको साधारणसभा तथा अधिवेशनबाट न्यौपानेको अध्यक्षतामा १३ सदस्यीय नयाँ कार्यसमिति चयन भएको हो ।

प्रतिष्ठानको उपाध्यक्ष ईन्द्रप्रसाद नेपाल र पुरुषोत्तम आचार्य, महासचिवमा सुवास खनाल, सचिव भरत दुलाल, कोषाध्यक्ष शुभलक्ष्मी विक, सदस्यहरु ऋषिराम पोखरेल, अरुण खतिवडा, अनिता न्यौपाने, सन्तोष पौडेल, शान्ति प्रियवन्दना, रामबहादुर थापा र रामबाबु खतिवडा रहेका छन् । कार्यक्रममा बामपंथी नेता केदार न्यौपानेको प्रमुख आतिथ्यता रहेको थियो भने सल्लाहकारहरु प्रेमबहादुर पुलामी 'छिन्तु', मुनु सिग्देल, नेकपा एमाले जिल्ला अध्यक्ष श्रीधर पोखरेल, हेउनपा-१० का अध्यक्ष फुर्वादोर्जे लामालगायतको आतिथ्यता रहेको थियो ।

सदस्य ऋषिराम पोखरेलले स्वागत मन्तव्य व्यक्त गरेका थिए । साधारणसभामा संस्थाका सचिव सुवास खनालले कार्यप्रगति प्रतिवेदन र कोषाध्यक्ष रामबहादुर थापाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए । नवनियुक्त अध्यक्ष न्यौपानेले आफूले बनावटी ठूला योजना नबनाएको र संस्थाको भेलामा प्रस्तुत यजनालाई निष्ठापूर्वक अघि बढाउने प्रतिबद्धता जनाए ।

# सोनाम ल्होसार राष्ट्रिय पर्व हो: मुख्यमन्त्री लामा




साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामाले सोनाम ल्होसार तामाङ जातिको मात्र नभई राष्ट्रिय पर्व भएको बताएका छन् ।

ल्होसार तथा तामाङ समुदायको नयाँवर्षको अवसरमा काठमाडौंको टुँडिखेलमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै मुख्यमन्त्री लामाले यस्तो बताएका हुन् । उनले ल्होसार पर्व बिस्तारै अन्तर्राष्ट्रियरुपमा समेत फैलिँदै गएको बताए । उनले ल्होसार एउटा पर्व र मनोरञ्जनको उत्सव मात्र नभई तामाङ जातिको संस्कृति र आन्दोलनको प्रतिविम्व भएको समेत बताए ।


ल्होसार पर्वले तामाङ सभ्यता र सांस्कृतिक पहिचान तथा अस्तित्व समेत बोकेको उनको भनाइ छ । उनले मौलिक एवम् परम्परागत चाडपर्वको संरक्षण गर्न जरुरी रहेको बताए ।

कार्यक्रममा बोल्दै उर्जा, जलस्रोत तथा सिंचाई राज्यमन्त्री पूर्णबहादुर तामाङले सरकार मुलुकलाई उज्यालो अभियानमा लागिरहेको बताए । उनले लगानीको अभावका कारण बत्ती बाल्न नपाएका घरधुरीमा २० दिनभित्र बिजुली पुऱ्याइदिने दाबी गरे ।

उनले ५/१० लाख रुपैयाँको अभावले विद्युतको पहुँचभन्दा टाढा रहेका नागरिक सम्पर्कमा आए २० दिनभित्र विद्युत व्यवस्था गरिदिने बताए । तामाङ समुदायले सोनाम ल्होसारलाई नयाँ पर्वको रुपमा धुमधामसँग मनाउने चलन रही आएको छ ।

# सोनाम ल्होसारको अवसरमा प्रदेश प्रमुखद्वारा शुभकामना व्यक्त






साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/बागमती प्रदेशप्रमुख दीपकप्रसाद देवकोटाले सोनाम ल्होसारको अवसरमा शुभकामना व्यक्त गरेका छन् ।

'सोनाम ल्होसार २०८१ को अवसरमा बागमती प्रदेश, देश तथा विदेशमा रहनुहुने सम्पूर्ण तामाङ समुदायका दिदीबहिनी तथा दाजुभाइहरुमा सुख, शान्ति र समृद्धिको शुभकामना व्यक्त गर्दछु' देवकोटाको शुभकामना सन्देशमा भनिएको छ । नेपालमा खासगरी मध्यभागको हिमाली, उच्चपहाडी र पहाडी भूभागमा बसोबास गर्ने संस्कृतिका धनी तामाङ समुदायले सोनाम ल्होसार पर्वलाई नाचगान, आफन्त भेटघाट र खानपिन गरेर रमाइलोका साथ मनाउने प्रचलन छ ।

यो पर्वमा कुलपूजा र प्रकृतिपूजा गर्ने परम्परा छ । चेलीबेटी बोलाएर टीका लगाइदिने गरिन्छ । परम्परागत पहिरनले सजिएर एक ठाँउमा भेला भै तामाङसेलो नाच प्रस्तुत गरिन्छ ।

घर, बस्ती सफा राख्नुका साथै बुद्धका तस्बिर अंकित ध्वजापताका टाँगेर भगवान बुद्धप्रति श्रद्धाभाव प्रकट गरिन्छ । गुम्बा, चैत्यहरुमा पूजा गरिन्छ । बौद्ध परम्पराका रीतिरिवाजलाई आधार मानी हाँसीखुसीका साथ ल्होसार मनाइन्छ ।

प्रदेशप्रमुख देवकोटाले चाडपर्वहरु साँस्कृतिक सम्पन्नताका परिचायक भएको उल्लेख गर्दै यस्ता पर्वले एकता, मेलमिलाप, शान्ति र सौहार्दता अभिबृद्धिमा सघाउ पुऱ्याउने सन्देशमा उल्लेख छ ।

'हाम्रा चाडपर्वहरु सभ्य, सुखी र समृद्ध जीवनका आधारस्तम्भ हुन्' शुभकामना सन्देशमा भनिएको छ 'सोनाम ल्होसारले तामाङ समुदायलगायत सम्पूर्ण नेपालीमा सकारात्मकता र उल्लास भित्राउन सफल रहोस् ।'

सम्पूर्ण ब्राण्डका गाडी
एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

Himalayan Motors Pvt.Ltd.
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बिहावारी २० पारी

नेपालको मौजुदा कानुनअनुसार बालबालिका दुबैको लागि २० वर्ष पुगिसकेपछि विवाह गर्न उपयुक्त उमेर भनि तोकिएको छ । मुलुकी अपराधसंहिता ऐन २०७४ अनुसार बालविवाह गर्दा हुने कानुनी सजाय तोकिएको छ । उमेर २० वर्ष नपुगी कसैले विवाह गरे वा गराएमा विवाह स्वत: बदर हुनेछ । सहरका महिला, पुरुषमा पढाइ सकेर वा करियर बनाएर मात्र विवाह गर्ने विचार स्थापित भए पनि ग्रामीण भेग तथा मधेसमा माध्यमिक तह पुग्दानपुग्दै पढाई छोड्ने र त्यसपछिको पहिलो विकल्प विदेश या विवाह भएको छ । युनिसेफले एक दसकअघि गरेको सर्वेक्षणअनुसार सप्तरी बालविवाह बढी हुने जिल्लामा पहिलो स्थानमा पर्दछ । नेपालमा हुने वार्षिक बालविवाहको ८३ प्रतिशत सप्तरी जिल्लामा हुनेगर्छ । राष्ट्रिय समस्याको रुपमा रहेको बालविवाह मधेश प्रदेशमा अझ जटिल समस्याको रुपमा छ । विवाह, बालअधिकार, महिलाअधिकार, मानवअधिकारको हनन् मात्रै होइन, विकास र समृद्धिको बाधक हो । तसर्थ यसको उन्मूलन गर्नुपर्ने हुन्छ । मुलुक संघीयतामा गइसकेको अवस्थामा अब समाजबाट यस्ता कुप्रथा सदाका लागि हटाउनु पर्छ । स्थानीय, प्रदेश, संघ, स्थानीय सरकारले चाहेमा यो संभव छ ।

अन्य सरोकारवालाले पनि यसमा हातेमालो गर्नुपर्छ । नेपालमा १६ वर्ष उमेरको भएपछि नागरिकता दिइन्छ, १८ वर्षको उमेरपछि बालिग मताधिकार प्राप्त हुने व्यवस्था छ भने २० वर्षको उमेरपछि मात्र विवाह गर्नका लागि योग्य मानिन्छ । यस व्यवस्थामा सामाजिक आधार पनि मिल्दो नभएको र दुई-दुई वर्षको अन्तरका कारण कानुनी शून्यताको अवस्था विकास गरेकोमकबानपुरमा कार्यरत सामाजिक संघसस्थाले प्रमुख जिल्ला अधिकारी मार्फत् कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबारमा बिबाहको उमेर २० वर्ष नै कायम गर्नको लागि ध्यानाकर्षणपत्र हस्तान्तरण गरेको छ । प्रतिनिधिसभा कानुन न्याय तथा मानवअधिकार समितिद्वारा गठन गरेको उपसमितिमार्फत् २०८१ माघ २ गते बिबाहको उमेर १८ वर्षमा झार्न सुझाव दिएको विषयमा नागरिकसमाज, गैरसरकारी संस्थाको ध्यानाकर्षण भई बिबाहको उमेर २० वर्ष नै कायम गर्न गराउन प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालमार्फत् कानुन न्याय तथा संसदीय मामिला मन्त्रालय सिंहदरबारमा हस्तान्तरण गरिएको हो । ज्ञापनपत्रमा उल्लेख भएको ब्यहोराको बारेमा बालकल्याण समाजले बिगतमा भएका बिभिन्न अध्ययन, अनुसन्धान अनुसार बालबालिकाको शिक्षा, स्वास्थ्य, मानशिक परिपक्वताको दृष्टिले बिबाहको उमेर २० वर्ष कायम गरी नीतिनियम र ऐन कानुन तय गरिएको बताएको छ ।

कम उमेरमा बिबाह हुँदा छिटो गर्भवती हुने, बालबालिकाको मृत्यु हुनसक्ने, गर्भवती आमा र बच्चा दुबैको स्वास्थ्यमा गम्भिर जोखिम पुग्छ । कम उमेरमो विवाह हुँदा किशोरकिशोरी, महिला तथा युवाको स्वास्थ, शिक्षामा समेत प्रत्यक्ष असर गर्दछ । बालविवाहले बालबालिका तथा किशोर किशोरीलाई आधारभूत अधिकारबाट वञ्चित मात्र गराउँदैन उनीहरु भविष्यको छनोट गर्ने अधिकार तथा निर्णय लिने प्रक्रियामा सहभागी हुने अवसरबाट बञ्चित हुन्छन् । विशेषगरी बालिका र महिलाको सर्न्दभमा बालविवाहले एउटा मात्रै अधिकारको उल्लंघन नगरी उनीहरुको जीवनचक्रमा थुप्रै अधिकार उल्लंघनको श्रृंखला सिर्जना गरी थप हिंसाको शिकारमा पर्नसक्ने अवस्था र हन्छ । बालविवाहको कारण बैवाहिक जीवन दिगो नहुने, परिपक्क नभई सन्तान जन्माउँदा स्वास्थ्यसम्बन्धी विभिन्न समस्या देखिने, लैङ्गिकहिंसा, यौनजन्यहिंसा, बालश्रम, बेचबिखन जस्ता थप जोखिमले बालबालिका र महिला थप प्रभावित हुन पुग्ने बताइएको थियो । ज्ञापनपत्र मानवअधिकार संरक्षण तथा मानव बेचबिखनबिरुद्धको संजालमा आबद्ध संघसंस्थाको पहल थियो ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ माघ १९ गते शनिबार १ फेब्रुअरी २०२५ । तृतीया, माघ शुक्लपक्ष । सिल्लाथ्व ११४५ ने.सं. । सूर्योदय ६:५३, सूर्यास्त ५:४३ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : विवाद बढ्न सक्नेछ | **तुला** | : शुभ समाचार सुन्न पाइनेछ |
| **वृष** | : उत्साह कम हुनेछ | **वृश्चिक** | : मान सम्मान पाउन सकिनेछ |
| **मिथुन** | : कार्य-सिद्धिबाट सुख मिल्नेछ | **धनु** | : मन खिन्न हुन सक्नेछ |
| **कर्कट** | : उदर-विकार हुन सक्नेछ | **मकर** | : व्यापार व्यवसायबाट लाभ हुनेछ |
| **सिंह** | : परिवारमा उन्नति हुनेछ | **कुम्भ** | : राजनीतिमा सफलता मिल्नेछ |
| **कन्या** | : काममा रोकावट आउन सक्नेछ | **मीन** | : काममा विलम्ब हुनेछ |

# किन हटाउने हो दशकित्ते शेयर नीति ?



✍नरेन्द्रमान श्रेष्ठ

सेबोनले प्राथमिक निष्कासनमा विद्यमान १० कित्ते नीति हटाउनको लागि तयारी गरिरहेको भन्ने चर्चा शेयरबजारमा चल्ने गरेको छ । त्यसो त कतिपयले यसलाई पुनरालोकन गर्न लागेको भन्ने पनि भन्ने गरेका छन् । यसको लागि समितिसमेत गठन गरिसकेको छ भन्ने पनि चर्चा छ । के १० कित्ते शेयर नीति हटाउन आवश्यक छ त ? अहिले शेयरप्रति चासो राख्नेहरुबाट यस्ता कैयौं प्रश्न आएका छन् ।

के १० कित्ते शेयर नीतिमा पुनरावलोकन गर्ने बेला आएको हो त ? के साना र कम आय भएका लगानीकर्ताले आईपीओ शेयरमा लगानी गर्न नपाउने ? कम्पनीहरुको हिस्सेदार बन्न नपाउने त ? स-साना पुँजी भएकाहरुलाई शेयरबजारबाट वञ्चित गर्न खोजेको हो त ? के स-साना लगानी गर्ने लगानीकर्ताहरु पुँजी बजारमा प्रवेश गर्न नपाउने ? कम्पनीहरुको शेयरधनी बन्न नपाउने ? के ठूलाबडा लगानीकर्ताहरु आफू मात्र शेयरधनी बन्ने ? आफूहरुले मात्र शेयरमा लगानी गर्ने मनसाय हो त ? के त सेबोनले पनि स-साना लगानीकर्ताहरुले शेयरबजारमा प्रवेश नगरुन् भन्न चाहेको हो त ? प्राथमिक निष्कासनको शेयरमा साना-ठूला सबै लगानीकर्ताहरुले समान शेयर पाऊन् भन्न नचाहेको हो त ? के १० कित्ते नीतिले शेयरबजारमा नेप्सेमा प्रभाव पार्न सक्छ र ? के १० कित्ते नीति हटाएपछि नेप्से माथि जान्छ त ?

पछिल्लो समयमा नेप्से घट्यो भने पनि १० कित्ते नीतिले गर्दा हो भनेर भन्ने गरेका छन् । के १० कित्ता शेयर भएकाहरुले नेप्सेलाई तल-माथि गर्न सक्छन् त ? बजारलाई उचाल्ने र पछार्ने भनेको ठूलाबडा लगानीकर्ताहरुले हो, साना लगानीकर्ताहरुले होइन । १० कित्ते नीतिले स-साना लगानीकर्ताहरुदेखि फुटपाथमा व्यापार गर्नेहरु, स्कुल-कलेजका विद्यार्थी र महिला गृहिणीहरुको समेत आकर्षण बढेको देखिन्छ । यस्तो नीतिलाई किन पुनरालोकन गर्ने, किन हटाउने ? शेयरबजार केही ठूलाठालु शेयर लगानीकर्ताहरुको गोजीमा रहेको पनि बताउँछन् भुक्तभोगीहरु । १० कित्ते नीति हटाउन ठूलाबडा लगानीकर्ताहरुको दबाब रहेको बताउँछन् जानकारहरु ।

हाल प्राथमिक शेयर जारी हुँदै गर्दाको अवस्थामा लगानीकर्ताहरुले न्यूनतम १० कित्ता शेयर खरिदको लागि आवेदन दिन पाउने र सबैलाई १० कित्ता शेयर दिनुपर्ने नियम रहेको छ । यसबाट साना लगानीकर्ताहरुको पहुँच शेयर बजारसम्म पुगेको छ भन्दा पनि फरक नहोला । यसले स-साना पुँजी भएकाहरुले पनि ठूला-ठूला कम्पनीहरुको शेयर किन्न सक्ने भएका छन् । यस कारणले २०७५ साल चैत्रदेखि १० कित्ते नीति लागू गरेको देखिन्छ । तर यसमा विकृति बढ्यो भनेर एकथरीले हल्ला फिँजाइरहेका छन् । यसलाई हटाउनको लागि सेबोनलाई दबाब दिने गरेका चर्चा छ । त्यसो त भिष्मराज ढुंगाना सेबोनको अध्यक्ष भएदेखि नै १० कित्ते नीतिलाई पुनरावलोकन गर्ने भनेर भनिने गरेको थियो । अहिले पनि यसैमा लागेको चर्चा छ । केही गरी १० कित्ते नीति हटाएमा प्राथमिक बजार पनि ठूलाबडा लगानीकर्ताहरुको पोल्टामा जाने देखिन्छ भने साना लगानीकर्ताहरु शेयरबजारको पहुँचबाट बाहिरिने देखिन्छ ।

१० कित्ते नीतिले आईपीओ शेयर खरिद गर्न रु. एक हजार मात्र भए पुग्ने भएकोले साना लगानीकर्ताहरु अर्थात् कम पुँजी भएकाहरुलाई शेयरमा लगानी गर्न सजिलो भएको छ । यसले गर्दा प्राथमिक शेयरबजारमा लगानीकर्ताहरुको पहुँच बढेको कारणले पछिल्लो समयमा प्राथमिक बजारका लगानीकर्ताहरु ह्वात्तै बढेका छन् भने डिम्याट खाता खोल्नेहरु पनि ६५ लाख भइसकेको सरोकारवालाहरु बताउँछन् । प्राथमिक बजारमा लगानीकर्ताहरु बढेसँगै १० कित्ते नीतिले बजारमा विकृति बढेको, बोरा प्रवृत्ति बढेको हल्ला चलाई प्राथमिक बजारलाई ठूला लगानीकर्ताहरुको पोल्टामा पार्ने चलखेल गरेको र सेबोनलाई समेत दबाबमा पारेको चर्चा छ ।

यदि १० कित्ते नीति नभएको भए पछिल्लो समयमा जारी भएको/गरेको आईपीओको इतिहासमा नै सबभन्दा बढी कित्ता जारी भएको नेपाल इन्फ्रास्टक्चर बैंकको आईपीओ, नेपाल पुनर्बिमा कम्पनीको, हिमालय री इन्स्योरेन्स कम्पनी र एनआईसी एसिया लघुवित्तजस्ताको आईपीओ शेयर आवेदन दिने सबैको हातमा पर्ने थिएन होला । धेरैजसो शेयर ठूला लगानीकर्ताहरुको पोल्टामा पर्ने थियो होला । यसले गर्दा पनि १० कित्ते नीतिले विकृति बढायो भनेर हल्ला गरी यसलाई हटाउन चलखेल गरेका हुने कि । त्यसो त १० कित्ते नीति हटाउने चर्चा चलिरहँदा पनि लगानीकर्ताहरुको हक-हित र अधिकारको लागि भनेर स्थापना भएका लगानीकर्ताहरुको संघहरु मौन छन्। मुखमा लड्डु थुसेर बसेका छन् । उनीहरुका भनाइ सार्वजनिक भएका छैनन् ।

१० कित्ते नीतिले विकृति बढ्यो, अरुको नागरिकता जम्मा गरेर एकैजनाले धेरैजनाको आईपीओ भर्ने गरेका छन भनेर भनिरहँदा पनि पछिल्लो समयमा एकै परिवारका सबैजसो सदस्यहरुको आईपीओ भर्ने प्रवृति भने बढेको छ । विगतमा भए आफ्नो मात्र आईपीओ भर्ने गरेकोमा पछिल्लो समयमा आफ्नो परिवारका सबै सदस्यको आईपीओ भर्ने गरेको देखिन्छ। आफ्नो परिवारको सदस्यहरुको नामबाट आईपीओ भर्नेलाई स्वाभाविक मान्ने कि विकृति ? त्यसो त पछिल्लो समयमा प्राथमिक बजारमा लगानीकर्ताहरु बढेसँगै सबैले १० कित्ता शेयर पाउने भने पनि आवेदनमा माग गरेभन्दा धेरै गुणाले बढी आवेदन पर्ने भएकोले गोला प्रथा गर्न पर्ने भएको छ । यसले सबै आवेदकहरुले शेयर नपाउने भएका पनि छन् ।

त्यसो त विगतमा ठूला लगानीकर्ताहरुले धेरै शेयर पाउने र साना लगानीकर्ताहरुले कम शेयर पाउने अवस्था थियो भने धेरै शेयर कित्ता आवेदन दिनलाई समानुपातिकमा शेयर दिने पनि गरिन्थ्यो । तर १० कित्ते नीतिले सबैले बराबर शेयर पाउने भएका छन् । यसले पनि ठूलाबडा लगानीकर्ताहरुको पेट दुखेको हुन सक्छ । तर पनि अबको दिनमा १० कित्ते नीतिलाई हटाएर विगतको जस्तो प्रणाली लागू गर्ने चर्चा चलेका छन् । त्यसो त नीति नियम नआएसम्म केही भन्ने अवस्था छैन । तर पनि धेरैजसो लगानीकर्ताहरुको १० कित्ते नीतिलाई हटाउन नहुने भनाइ रहेको छ । यदि १० कित्ते नीतिले विकृति बढाएको छ नै भने पनि यसलाई हटाउन सम्बन्धित सरोकारवाला, नियामक निकायहरुले आवाज उठाउनुपर्ने हो।

त्यसो त नेपालमा नीति नियम परिवर्तन गर्ने भनेको सामान्य हो । नीति नियम परिवर्तन गर्दा वा बनाउँदा अधिकांश लगानीकर्ताको हितलाई ध्यानमा राख्नुपर्दछ । नेपालमा नीति नियम बनाउँदा आफ्नो अनुकूलतालाई हेरेर बनाउने गरेको पाइन्छ। तर पनि कसैको दबाबमा नीति नियम बनाउन नहुनेमा कसैको दुईमत नहोला । दशकित्ते नीतिले आम लगानीकर्तालाई शेयरबजारको पहुँचसम्म पुऱ्याएको, शेयरबजारको दायरा बढाएको, शेयरबजारलाई फराकिलो बनाएको, शेयरबजारप्रति आम लगानीकर्ताको चासो बढाएकोलाई नकार्न सकिँदैन । यो शेयर बजारको लागि सकारात्मक पक्ष होइन र ? दशकित्ते नीति पुनरावलोकन समितिमा बस्ने विज्ञहरुले यसमा ध्यान दिनुपर्ने देखिन्छ ।

*(साभार: न्यूज अफ नेपाल)*

# सामाजिक सञ्जालमा छद्म पहिचान आधारभूत मानवअधिकार

✍यतिष ओझा

सरकारले राष्ट्रिय सभामा सामाजिक सञ्जालको सञ्चालन, प्रयोग तथा नियमन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, २०८१ दर्ता गरेको छ । यस आलेखको सुविधाका लागि उक्त विधेयकलाई छोटकरीमा सामाजिक सञ्जाल विधेयक भनिनेछ । सिङ्गो विधेयकमाथि विभिन्न मञ्च र अवसरमा छलफल तथा विवेचना भइर हेका छन् र हुँदै जाने नै छन् । यस संक्षिप्त आलेखमा भने उक्त विधेयकको एउटा पाटो- “सामाजिक सञ्जालमा हुने बेनामी वा छद्म पहिचान” माथि चर्चा गरिनेछ ।

उल्लिखित सामाजिक सञ्जाल विधेयकमा रहेको अत्यन्तै समस्याग्रस्त प्रावधानमध्येका दुइटा व्यवस्था हुन्- दफा १२(ज) र दफा २७ । दफा १२ ले सामाजिक सञ्जाल सञ्चालकले पालना गर्नुपर्ने केही शर्तहरू तोकेको छ । जसको खण्ड (ज) मा सामाजिक सञ्जाल प्रयोगकर्ताको वास्तविक पहिचान खुलाएर मात्र प्लेटफर्म प्रयोग गर्न दिने भन्ने व्यवस्था गरिएको छ । यस्तै दफा २७ ले सामाजिक सञ्जालमा “बेनामी वा छद्मभेषी पहिचान बनाउन वा प्रयोग गर्न” प्रतिबन्ध लगाएको छ । उक्त व्यवस्थाहरू के-कति कारणले गलत छन् र किन यिनलाई खारेज गर्नुको विकल्प छैन भनेर विभिन्न पाटोबाट हेरौं ।

**राइट टु एनोनिमिटी - आधारभूत मानवअधिकार**

छद्म पहिचानको अधिकार (राइट टु एनोनिमिटी) सम्मानपूर्वक बाँच्न पाउने हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हकको अभिन्न अङ्ग हो । यो अधिकार वास्तविक विश्वमा जति महत्त्वपूर्ण छ, डिजिटल विश्वमा पनि उति नै महत्त्वपूर्ण छ । विभिन्न अपराध पीडितलाई कानूनले गोप्य पहिचानको अधिकार प्रदान गर्दैगर्दा सामाजिक सञ्जालमा चाहिं समग्रमा उक्त अधिकार खोस्न खोज्नु प्रतिगामी कदम हो । हाम्रो कानूनी प्रणालीमा यस अधिकारबारे उल्लेख्य व्याख्या नभए तापनि अमेरिकाको सर्वोच्च अदालतले म्याकिनटायर विरुद्ध ओहायो निर्वाचन आयोग रहेको मुद्दामा छद्म पहिचानलाई “बहुमतको निरंकुशताबाट जोगिने ढाल”का रूपमा व्याख्या गरेको छ ।

नेपाल पक्षराष्ट्र रहेको नागरिक तथा राजनीतिक अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय प्रतिज्ञापत्र (आईसीसीपीआर) लाई मानवअधिकारको आधारभूत दस्तावेजमध्येको प्रमुख मानिन्छ । यसको धारा १९ ले विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हकलाई मौलिक मानवअधिकारको रूपमा व्यवस्था गरेको छ । सन् २०१५ को मे महिनामा यसै अधिकारसँग सम्बन्धित रहेर अभिव्यक्ति स्वतन्त्रता सम्बन्धी संयुक्त राष्ट्रसंघका विशेष प्रतिवेदक (स्पेसल र्‍यापोर्टर) ले आफ्नो प्रतिवेदन प्रकाशन गरेका थिए ।

उनले त्यसमा उल्लेख गरेअनुसार डिजिटल संसारमा विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हकको अर्थपूर्ण अभ्यासका लागि गोपनीयता र सुरक्षा आवश्यक रहने गर्छ र त्यस्तो अनुभूति सुनिश्चित गर्नका लागि राज्यले इन्क्रिप्सन् र एनोनिमिटी (छद्म पहिचान) लाई गम्भीरताका साथ सुरक्षा र प्रोत्साहन प्रदान गर्नुपर्ने हुन्छ । विशेषगरी मानवअधिकारकर्मी, सञ्चारकर्मी र आन्दोलनकर्मीहरूलाई यस्तो अधिकार अझ बढी महत्त्वपूर्ण र आवश्यक र हने उनको विचार थियो । यसबाट के स्पष्ट हुन्छ भने नेपालको संविधान वा कानूनले किटान गरेर विशेष रूपमा छद्म पहिचानको हकको व्यवस्था नगरे तापनि नेपालको संविधानमा रहेको विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हक र नेपाल पक्षराष्ट्र रहेको मानवअधिकार सम्बन्धी आधारभूत प्रतिज्ञापत्रले व्यवस्था गरेको सोही हकमा छद्म पहिचानको हक समेत निहित रहन्छ । तसर्थ, छद्म पहिचानलाई निषेध गर्ने किसिमले ल्याइएको यो विधेयक नेपालको संविधान र नेपालको मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दायित्वको समेत विरुद्ध रहेको छ ।

**अस्पष्ट व्यवस्था, दुरुपयोगको नियत**

उक्त विधेयकमा ‘बेनामी’ र ‘छद्मभेषी’ पहिचानको स्पष्ट परिभाषा वा स्पष्टीकरण उल्लेख गरिएको छैन । न त वास्तविक पहिचानलाई परिभाषित गरिएको छ । नागरिकताको नामथर र दुइटा कान देखिएको फोटोलाई मात्र आधिकारिक परिचय मानिने हो या वास्तविक पहिचान र छद्मभेषी पहिचानका बीचमा के कस्ता भेद रहने हुन् स्पष्ट छैन । अस्पष्ट फौजदारी कानूनी व्यवस्थाहरू विधिशास्त्रीय दृष्टिमा पनि स्वत: निष्प्रभावी हुन्छन् । फौजदारी कानूनमा कानूनी व्यवस्थाहरू स्पष्ट हुनुपर्ने र तिनको व्याख्या गर्दा संकुचित तवरले गर्नुपर्ने आधारभूत सिद्धान्त रहेको छ ।

बेनामी वा छद्मभेषी पहिचानलाई अपराधीकरण गर्दैगर्दा त्यसको स्पष्ट परिभाषा नराख्नुले राज्यले नागरिकका विरुद्ध प्रवृत्त धारणा राखेर यस व्यवस्थाको दुरुपयोग गर्ने नियत स्पष्ट देखिन्छ । विद्युतीय कारोबार ऐन, २०६३ को उद्देश्य र मनसाय विपरित यसको दफा ४७ लाई राज्यले पटक-पटक दुरुपयोग गरिसकेको छ, गरिरहेको छ । त्यसैले पनि फौजदारी कानून निर्माण गर्दा अस्पष्ट प्रावधान राखेर राज्यलाई शङ्काको सुविधा दिनु प्रजातन्त्रको लागि खतरा हुन्छ ।

ऐनमा स्पष्ट परिभाषाको अभावमा फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन र फैसला गर्ने निकायले असीमित स्वेच्छाचारी अधिकारको अभ्यास गर्ने अवसर पाउँछन् । उदाहरणको लागि ‘कमरेड प्रचण्ड’ नामको फेसबुक पेज र एक्स एकाउन्टमा रहेको नाम वास्तविक पहिचान हो कि छद्म पहिचान हो भनेर कसले निर्णय गर्छ ? उल्लिखित एकाउन्टका व्यक्ति पूर्व प्रधानमन्त्री एवम् माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ चर्चित रहेका कारणले उनको पहिचानमा त समस्या नहोला । तर उनी एउटा उदाहरण मात्रै हुन् । उनी जस्तै सामाजिक सञ्जालमा आफ्नो राज्यमा दर्ता भएको नाम नराखेर फरक नाम राख्ने प्रयोगकर्ताको संख्या लाखौंमा हुनसक्छ । उनीहरूको वास्तविक पहिचान के हो र छद्म पहिचान के हो भनेर कसरी छुट्याउने त्यसको स्पष्ट परिभाषा नभएको अवस्थामा राज्यले जसलाई पनि ‘फसाइदिने’ खतरा विद्यमान रहन्छ । राज्यले चाहेका बखत ‘फसाइदिन’ सक्ने व्यवस्था फौजदारी कानूनमा सिद्धान्तत: स्वीकार्य हुँदैन ।

**सीमान्तकृतलाई छद्मभेषी पहिचानको अपरिहार्यता**

नेपाल विभिन्न समुदाय, जात, भूगोल, लिङ्ग, यौनिक पहिचान, धर्म, भाषा, लवज, छालाको रङ, वर्ग, उमेर, पारिवारिक, राजनीतिक तथा सामाजिक पृष्ठभूमि लगायत अनेक विशेषताका आधारमा अनेक तहमा विभाजित छ । राज्यले आधारभूतस्तरको विद्यालय शिक्षादेखि नै अनेकताले भरिपूर्ण देश भनेर गर्व गर्न सबैलाई सिकाएकै छ । तर त्यस अनेकताभित्रका केही व्यक्ति र समूहले जन्मजात रूपमा प्राप्त गर्ने संरचनात्मक लाभ एवम् सुविधा र अन्य केही व्यक्ति र समूह चाहिं सीमान्तकृत र किनारीकृत बन्नुपर्ने कटु सत्यलाई पाठ्यक्रममा र कक्षामा उस्तो प्रमुखताका साथ समावेश वा वर्णन गरेको पाइँदैन ।

सीमान्तकृत समुदाय र समूहका व्यक्तिहरू जस्तै महिला, बालबालिका, दलित, मधेशी, आदिवासी, जनजाति, मुस्लिम, थारू लगायतले आफ्नो वास्तविक पहिचानकै कारणले हरेक दिन पूर्ण स्वतन्त्रता र सुरक्षाका साथ जीवनयापन गर्न नसक्ने अवस्था छ । दलित समुदायका मानिसले आफ्नो वास्तविक पहिचान दिंदा सम्मानपूर्वक बाँच्न पाउने अवस्था नै नरहेपछि आफ्नो थर फेरेर बाँच्ने गरेका उदाहरण हरेक नेपाली समाजमा भेटिन्छन् । विभिन्न अपराधका पीडितलाई नेपालको कानूनी व्यवस्थाले कानूनी प्रक्रियामा गोप्य पहिचानको हक सुनिश्चित गरि रहेको अवस्थामा कुनै अपराध पीडितले सामाजिक सञ्जालमा आफ्नो कथा सुनाउन चाह्यो भने उसलाई जबर्जस्ती वास्तविक पहिचान खुलाउन लगाउने राज्यको नीति यस विधेयकमा झल्किएको छ ।

ठूला मान्छे कुरा गरिरहेको ठाउँमा केटाकेटी बोल्नुहुँदैन भनेर बालबालिका र युवाको विचारलाई इन्कार गर्दिने प्रवृत्ति त नेपाली समाजको डिएनएमै छँदैछ । जुँगाको रेखी, नाकको लम्बाइ, छालाको रङ र बोलीको लवज हेरेर कसको विचार उत्कृष्ट, कसको विचार महत्त्वपूर्ण र कसको विचार नीच भनेर वर्गीकरण गर्दिनु पनि यस समाजको आधारभूत विशेषता भइहाल्यो । केही ऐतिहासिक उदाहरण हेरौं । उन्नाइसौं शताब्दीको तात्कालिक युरोपेली समाजमा कुनै महिला लेखकको सिर्जना मानिसहरूले पढ्ने सम्भावना एकदमै कम हुन्थ्यो । महिलाहरूलाई दोस्रो दर्जाको मानिससरह मानेर पुरुष मात्र उन्नत, उत्कृष्ट हुन्छन् भन्ने परम्परागत विचार रहेको थियो । त्यसबेला बेलायतमा जर्ज इलियट र फ्रान्समा जर्ज स्यान्ड नामक दुई अग्रणी लेखक थिए । उल्लिखित दुई व्यक्ति महिला भएतापनि साहित्यमा महिला विरुद्धको पूर्वाग्रहकै कारणले पुरुषको नाममा आफ्ना रचना लेख्ने गरेका थिए । अर्थात् छद्म नाम प्रयोग गर्ने गरेका थिए ।

आजको नेपाली समाजमा सीमान्तकृत समूह र समुदायका व्यक्तिले उन्नाइसौं शताब्दीको युरोपमा जस्तै वा त्योभन्दा बढी पूर्वाग्रह भोग्नुपर्ने अवस्था विद्यमान छ । त्यसबेला इलियट र स्यान्डले आफ्नो अभिव्यक्तिका लागि पुस्तक रोजे । आज अभिव्यक्तिको प्रमुख माध्यम सामाजिक सञ्जाल बनेको छ । त्यसकारण पनि सामाजिक सञ्जालमा छद्म पहिचान अझ बढी महत्त्वपूर्ण रहेको छ । प्राथमिक रूपमा त हामीले यस्तो आदर्श समाजको निर्माण गर्न आवश्यक छ जसले उल्लिखित विशेषताका आधारमा मानिसको विचार र अभिव्यक्तिलाई वर्गीकरण नगरोस् । सबै जनाले खुल्ला रूपमा आफ्नो विचार र अभिव्यक्ति व्यक्त गर्न सक्ने अवस्था बनोस् । तर त्यस्तो अवस्था नबनुन्जेलसम्म आजका दिनमा उल्लिखित समुदाय र समूहका व्यक्तिहरूले इच्छाएको खण्डमा सामाजिक सञ्जालमा छद्म पहिचानको प्रयोग गरेर आफ्नो विचार व्यक्त गर्ने सुविधा पाउनुपर्छ । यो विधेयकले सो सुविधा खोस्न खोजेको छ । यो व्यवस्था पारित भएमा नेपालको संविधानले व्यवस्था गरेको सम्मानपूर्वक बाँचन पाउने हक र विचार तथा अभिव्यक्ति स्वतन्त्रताको हकमा समेत प्रतिकूल प्रभाव पर्नेछ ।

**नियमनका लागि अनावश्यक पहिचान**

सामाजिक सञ्जाल विधेयकको उद्देश्य र कारणमा लेखिए अनुसार सामाजिक सञ्जालको सञ्चालन र प्रयोगलाई मर्यादित, सुरक्षित र व्यवस्थित गर्ने तथा नियमन गर्ने सम्बन्धमा कानून निर्माण गर्न आवश्यक भएकाले उक्त विधेयक पेश गरिएको हो । सामाजिक परिवर्तनसँगै कानून पनि समयसापेक्ष हुँदै जानुपर्ने मान्यता अनुसार नै सामाजिक सञ्जाल विधेयक ल्याउन आवश्यक देखिन्छ । तर त्यस प्रयोजनका लागि सामाजिक सञ्जालमा व्यक्तिको वास्तविक पहिचान नै राख्नुपर्छ भन्ने बहस निरर्थक छ । सामाजिक सञ्जाल नियमन गर्ने कानूनले अथवा अन्य कुनै कानूनले अपराधीकरण गरेको कार्य कुनै व्यक्तिले जुनसुकै पहिचानमा गरेतापनि सजायको भागीदार बन्नुपर्छ । उदाहरणका लागि साइबर स्टकिङ, बुलिङ, फिसिङ इत्यादि गरेको अवस्थामा सम्बन्धित व्यक्तिलाई राज्यले अनुसन्धान र अभियोजन गर्नुपर्छ । त्यसमा दुईमत छैन । तर कुनै आपराधिक कार्य नगरेको, कसैलाई हानि नपुगेको अवस्थामा केवल सामाजिक सञ्जालमा कुन पहिचानमा उपस्थित छ भन्ने आधारमा अपराधीकरण गर्नु सर्वथा अनुचित छ ।

विचार र अभिव्यक्ति व्यक्त गर्ने सम्बन्धमा केही समयअघिको एउटा उदाहरण हेरौं । नेपालका एकजना बहालवाला संघीय मन्त्रीले सार्वजनिक कार्यक्रममा आफ्नो ‘वास्तविक परिचय’मै “फलानोको जिब्रो थुत्नुपर्ने” भनी अभिव्यक्ति व्यक्त गरेका थिए । यसका लागि उनलाई हालसम्म कुनै कानूनी कारबाही भएको छैन । यदि उनले सोही कुरा सामाजिक सञ्जाल एक्स मार्फत व्यक्त गरेका भए एक्सको नियम अनुसार उनले भायलेन्ट थ्रेट्स र इन्साइटमेन्ट अफ भायलेन्स अर्थात् हिंस्रक धम्की र हिंसा गर्न दुरुत्साहन गरेको सम्बन्धी व्यवस्था आकर्षित हुन्थ्यो । कसैले उजुरी गरेमा एक्सकै नियम अनुसार उनलाई कारबाही समेत हुनसक्थ्यो ।

बहालवाला मन्त्रीको ‘वास्तविक’ एकाउन्टको सट्टा अन्य कुनै सामान्य नागरिकले प्रयोग गर्ने छद्म एकाउन्टबाट सोही कुरा व्यक्त भएको भए पनि एक्समा लागू हुने नियम समान हुन्थ्यो । अर्थात् वास्तविक पहिचान छ कि छद्म पहिचान छ भन्ने आधारमा नभई जुनसुकै पहिचान भए पनि कुन नियम तोड्यो अथवा नियम तोड्यो कि तोडेन भन्ने आधारमा मात्रै कारबाही हुन्छ । यसबाट के स्पष्ट हुन्छ भने यदि सरकारले साँच्चै नै नियमन चाहेको हो भने त्यस प्रयोजनका लागि पहिचान आवश्यक रहँदैन । तर यस विधेयकले पहिचानलाई यति महत्त्व दिनुले सरकारले वास्तविक पहिचान प्रयोग गरेर गैरकानूनी विचार व्यक्त गरेपनि वैध मान्ने र छद्म पहिचान प्रयोग गरेर वैध विचार व्यक्त गरे पनि अपराध मान्ने द्वैध नीति अपनाउन खोजेको अनुमान गर्न सकिन्छ ।

*क्रमश: पृष्ठ-३....*

# पाथीभरामा तीन दशकअघि नै केबलकार बनाउने योजना अहिले किन विवादमा ?



विराटनगर/ताप्लेजुङको पाथीभरा मन्दिरनेर केबलकार बनाउने योजना तीन दशकअघि नै बनेको थियो, जसलाई मूर्तरुप दिने तयारी थालिनासाथ विवाद सुरु भएको छ । कोशी प्रदेश नामकरणसँग विरोध जनाइरहेको पहिचानवादी समूहले यसलाई अगुवाई गरिरहेको छ । पाथीभरा मन्दिरसम्म पुग्ने केबलकार निर्माणको विषयलाई लिएर गत शनिबार 'नो केबलकार' पक्षधर र प्रहरीबीच झडप हुँदा २६ जना घाइते भए । घाइते हुनेमा प्रहरी निरीक्षक, सशस्त्र तथा नेपाल प्रहरी दुवैतर्फका जवानहरु घाइते छन् । झडपका क्रममा गोली लागेका दुई जना प्रदर्शनकारीको काठमाडौंस्थित त्रिवि शिक्षण अस्पतालमा उपचार भइरहेको छ ।

आन्दोलनकारीमाथि अति बल प्रयोग गरेको भनेर राज्यपक्षको चर्को आलोचना भइरहेको छ । तर, विरोधी पक्षले गुलेली मट्यांग्रालगायत घरेलु हतियार प्रयोग गरी आक्रमण गरेको सुरक्षाकर्मीको भनाइ छ । पाथीभरामा केबलकार निर्माण योजना सुरु भएदेखि नै विभिन्न समूहले 'नो केबलकार' आन्दोलन गरिरहेका छन्। केबलकार बनाउनुपर्छ र बनाउनु हुँदैन भन्ने पक्षमा समाज विभाजित छ । विपक्षमा उभिएको समूह पहिचानको मुद्दा उठाउँदै केबलकार सुरु गर्दा पूजाविधि मासिने दाबी गर्छ । निर्माणको माग गरिरहेको स्थानीयले भने तीर्थालु र भक्तजनमात्रै नभई आम पर्यटक र सर्वसाधारणको सहजताका लागि केबलकार बन्नुपर्ने जिकिर गर्छन् । उसले केबलकार बन्दा कुनै धर्म संस्कृति विशेषलाई नभई सबैधर्म र संस्कृतिका आस्थावानलाई फाइदा हुने प्रष्ट गरेको छ ।

माथिल्लो फेदीमा रहेको कान्छीथानबाट धागो बाँधेर पाथीभरा पुग्ने परम्परा छ । केबलकार निर्माण भए यो परम्परा मेटिने 'नो केबलकार' अभियान सञ्चालन गरिरहेको समूहको दाबी छ । 'नो केबलकार' आन्दोलनमा पहिचानवादी मोर्चा सामेल छ। प्रदेश १ लाई कोशी प्रदेश नामकरण गरिएपछि मोर्चाले आन्दोलनमा सक्रियता बढाउको थियो । तर, उक्त आन्दोलन सफल नभएपछि पछिल्लो समय मोर्चा पाथीभरा (मुकुम्लुङ) क्षेत्रमा केन्द्रित छ । त्यसमा विगतमा लिम्बुवान किरातलगायत प्रदेश माग्दै दल खोलेका कुमार लिङदेनलगायत पक्षहरु सामेल भएका छन् ।

मुकुम्लुङ क्षेत्रमा केबलकार निर्माण गर्दा किरात समुदायको मुन्धुमी संस्कृति मेटिने आन्दोलनरत किरात याक्थुङ चुम्लुङकी महासचिव निरन्ती तुम्बापो बताउँछिन् । मुन्धुमी संस्कृतिलाई जोगाउनका लागि पाथीभरा (मुकुम्लुङ)लाई प्राकृतिक अवस्थामै छाड्नुपर्ने उनको माग छ ।

ताप्लेजुङ सदरमुकाम फुङलिङमा रहेको सुकेटार विमानस्थलसम्मको बाटो राम्रो छ, सुकेटार विमानस्थलबाट पाथीभरा पुग्ने तल्लो फेदी (जहाँ केबलकारको पहिलो स्टेसन बन्छ) सम्म पुग्ने बाटो भद्रगोल छ । वर्षौंसम्म बाटो नबनेका कारण तीर्थयात्रीले सास्ती भोग्नुपर्छ । पहिचान पक्षधरले केबलकार निर्माणको साटो तल्लो फेदीसम्म पुग्ने बाटो चाँडो निर्माण गर्न आयोजक पक्षसँग माग गरेको छ ।

यद्यपी आदिवासी जनजाति समुदायभित्रैका कतिपय व्यक्ति भने स्थानीयसँग पर्याप्त संवाद गरेर, अनि ताप्लेजुङको ग्रामीण खाँचो सम्बोधन गरेर पर्यावरणीय पाटो ध्यान दिन सके केबलकार बनाउनु हितकर नै हुने ठान्दछन् । यसरी सोच्नेमा ताप्लेजुङका जिल्ला समन्वय समिति प्रमुख, फुङलिङ बजारका मेयरदेखि कतिपय नागरिक अगुवाहरु पनि छन् । पाथीभरा क्षेत्र विकास समितिले राखेको सूचना बोर्ड, जहाँ लेखिएको 'पाथीभरा' शब्द पहिचानवादी समूहले मेटाइदिएको छ ।

ताप्लेजुङ जिल्ला समन्वय समिति प्रमुख छिरिङ लामाले यो केबलकार आयोजना बाट स्थानीय नागरिकले प्रत्यक्ष लाभ लिनसक्ने भन्दै स्थानीयसँग बृहत्तर परामर्श गर्दै अघि बढ्न सुझाव दिए । निरन्तर छलफल गरी सहमति जुटाएर काम थाल्न ढिला गर्न नहुने उनको भनाइ छ । फुङलिङ नगरपालिकाका मेयर अमिर मादेनले पाथीभरामा केबलकार निर्माण गर्दा समग्र ताप्लेजुङको विकास र स्थानीय सरोकारको हित हुन जाने भएकाले आफू निर्माण हुनुपर्ने पक्षमा उभिएको बताउँछन् । उनी ताप्लेजुङ दशकौंदेखि विकासकै पर्खाइमा रहेको जिल्ला भएकाले सरकारी, निजी तथा गैरसरकारी सबै पक्षलाई ताप्लेजुङको समग्र अवस्था उठाउनका लागि ध्यानाकर्षण गराउँछन् ।

मादेन लामो तयारीका साथ केबलकार निर्माण प्रक्रिया अघि बढेकाले यसलाई अघि बढाउन नसक्दा जिल्लाकै विकास प्रयास झन् पछि धकेलिने बताउँछन् । केही दिनअघि मादेनले सार्वजनिक रुपमा भनेका थिए, 'केबलकार बनाउन सकिनँ, कम्पनीलाई साथ दिन सकिनँ अर्थात् कन्ट्र्याक्टवालालाई साथ दिन सकिनँ भने राजनीतिबाट सन्यास लिन्छु ।' व्यक्तिगत स्वार्थ र पुराना सोच राखेर विकास निर्माणका काममा अवरोध गर्न नहुने उनको भनाइ थियो।

'देशका धेरै ठाउँमा पर्यटन पूर्वाधार निर्माण भइरहेको बेला हामीले मुलुककै प्रसिद्ध धार्मिक पर्यटकीयस्थलमा केबलकार बनाउने काममा बाधा खडा गर्‍यौं भने हामी आफैं पछि पर्नेछौं । त्यसैले सबै पक्ष बसौं, आफ्ना कुरा राखौं र समझदारी बनाई निर्माणको काम थालौं,' उनको भनाइ छ ।

कांग्रेस जिल्ला सभापति गजेन्द्र तम्याङ, नेकपा (माओवादी केन्द्र)का कोशी प्रदेश सदस्य बमबहादुर भट्टराई, फुङ्लिङ नगर पालिकाका उपप्रमुख भिमादेवी ओझालगायतले पनि स्थानीयका माग र उनीहरुका सुझाव समेट्दै अघि बढ्न केबलकार निर्माण पक्षलाई सल्लाह दिएका छन् । सबैका भावनाहरुलाई समेटेर साझा सहमति बनाएर आयोजना निर्माणको काममा ढिला गर्न नहुने उनीहरुको भनाइ छ ।

### तीन दशक पुरानो योजना

माथि नै भनिसकियो- पाथीभराको केबलकार निर्माणले पछिल्लो समय गति लिए पनि चर्चा भने पुरानो हो । २०५१-५२ सालबाटै केबलकार निर्माणको प्रसंग चलेको थियो । त्यसबेला विराटनगरका पूर्वमेयर ध्रुवनारायण श्रेष्ठले केबलकार निर्माणको अगुवाइ गरेका थिए । उनकै अगुवाइमा २०७२ सालमा 'पाथीभरा देवी दर्शन केबलकार प्रालि' दर्ता भएको थियो । उनीपछि यो कम्पनीमा ईश्वरी पौडेलसहितिको टोलीले काम गर्ने तयारी गरेको थियो । तर त्यसबेला सफल हुन सकेन । त्यसपछि यती एयरलाइन्सका तत्कालीन सञ्चालक आङछिरिङ शेर्पा जोडिए । शेर्पाको ताप्लेजुङमा हेलिकोप्टर दुर्घटनामा मृत्यु भएपछि ल्हाक्पा सोनाम शेर्पासँग यो कम्पनीको अधिकतम सेयर गएको थियो । सोनाम शेर्पा आईएमई ग्रुपका मालिक चन्द्र ढकाललाई सेयर बेचेर कम्पनीबाट बाहिरिएका थिए ।

तीन दशक अघिदेखि चर्चा भएको केबलकारमा चन्द्र ढकालको प्रवेशपछि भने कामले गति लिएको छ। ढकालले पछिल्लो समय काठमाडौं, पोखरा, मौलाकाली लगायत क्षेत्रमा केबलकार बनाइरहेका छन् । ताप्लेजुङमा बनाउने योजना गरिएको यो केबलकारको प्रवेश बिन्दु २९ रोपनी निजी जग्गामा बन्छ । २.७५ किलोमिटर केबलकारको बाँकी जग्गा वन क्षेत्र हो ।

वन क्षेत्रमा पर्ने ४.९७ हेक्टर जमिनमा रहेको १० हजार २०० बढी रुख काटिएको पहिचानपक्षधर दाबी गर्छन् । तर एमाले सचिव तथा ताप्लेजुङबाट निर्वाचित प्रतिनिधिसभा सांसद योगेश भट्टराईले भने जम्मा २११२ रुखमात्रै कटान हुने वक्तव्य निकाल्दै दसौं हजार रुख काटिन लागेको प्रचारको खण्डन गरेका छन् । उनले आन्दोलन र विरोध लोकतान्त्रिक प्रक्रिया भए पनि त्यसलाई सभ्य शिष्ट बनाउन समेत आग्रह गरेका छन् । राज्यबाट अनुमति पाएपछि निर्माण कम्पनीले शिलान्यास गरेर काम थालेको छ ।

परिकल्पनाकार ध्रुवनारायण श्रेष्ठका अनुसार केबलकार बनाउनका लागि भन्दै सोनाम वाङ्गे पनि अमेरिकाबाट नेपाल आएका थिए । तर सकेनन् । पाथीभरा केबलकार निर्माणमा लागेका तीन जना अर्थात् आङ्छिरिङ, वाङ्गे र पुष्पबहादुर बरुवालको मृत्यु भएको उनको भनाइ छ । केबलकारको पहिलो स्टेसनको जग्गा श्रेष्ठले नै कम्पनीलाई बिक्री गरेका थिए । मालपोत कार्यालय ताप्लेजुङको अभिलेख अनुसार पाथीभरा देवी दर्शन केबलकार प्रालिको २९ रोपनी जग्गा पुष्पबहादुर बरुवाल र सुरेन्द्रकुमार गुरुङले बिक्री गरेका थिए । ९० हजार रोपनीमा पनि बिक्री नहुने सो जग्गा २०७७ अन्तिममा २६ करोड १० लाख रुपैयाँमा बिक्री भएको थियो । यो जग्गा खरिद-बिक्री गर्दा मालपोत कार्यालयमा पूँजीगत लाभकर १ करोड ३० लाख ३७ हजार र र जिष्ट्रेसन दस्तुर १ करोड ४ लाख ४० हजार रुपैयाँ बुझाइएको थियो । जग्गा बिक्रीका लागि आफूले पुष्पबहादुर बरुवाललाई वारेस दिएको श्रेष्ठको दाबी छ । र, अहिले यिनै प्रक्रिया पूरा गरेसँगै केबलकार निर्माणले गति पाइरहेकै बेला आन्दोलन चर्किएको हो । यो यस्तो आन्दोलन हो, जसको सिधा सम्बन्ध कोशी प्रदेश पुन:नामांकन मागसँग जोडिन्छ ।

### कोशीमा सफल भएन, पाथीभरा मुकुम्लुङमा के होला ?

दलहरुबीच सहमति बन्न नसकेपछि पहिलो प्रदेश सभाले १ नम्बर प्रदेशको नाम राख्न सकेन । दोस्रो प्रदेश सभामा कांग्रेस एमाले र माओवादीबीच सहमति बनेसँगै २०७९ फागुन १७ गतेको बैठकले कोशी नाम दुई तिहाई बहुमतबाट अनुमोदन गरेको थियो । पर्याप्त छलफल बिना नामकरण गरेको भन्दै साना जनजाति घटक तथा पहिचान पक्षधरले विरोध गरे ।

त्यसबेला सत्तारुढ रहेको माओवादी केन्द्र विपक्षमा आएपछि भने कोशी नाम पुनरावलोकनका पक्षमा अभिव्यक्ति दिन थाल्यो । पहिचानवादी दल र जातीय संगठनले प्रदेश १ पुन: नामांकन संयुक्त संघर्ष समिति गठन गरी आन्दोलन सुरु गरे । आन्दोलनका क्रममा २०७९ चैत ५ गते घाइते भएका पदम लिम्बु लाजेहाङको १० गते उपचारका क्रममा मृत्यु भयो । उनको मृत्युपछि पहिचान आन्दोलन थप चर्कियो । सरकारले माग सम्बोधन गर्न चासो नदिएपछि पहिचानवादी आन्दोलन सेलायो । आन्दोलन कमजोर भएपछि पहिचान पक्षधरले फेस सेभिङको रुपमा सरकारसँग २०८० माघ १६ गते पाँच बुँदे सहमति गरेको थियो । गत मंसिरमा पुन: आन्दोलन घोषणा गरेको थियो ।

राजधानी विराटनगरमा आन्दोलन चलिरहेकै बेला उता सुदूर पूर्वी पहाडमा व्यवसायी ढकालको समूहले केबलकार निर्माणका लागि काम सुरु गरेको थियो । विराटनगर लगायत मुख्य शहरमा प्रदेश नामांकनको आन्दोलन कमजोर भएपछि सेलाएको पहिचानवादी मोर्चा त्यसपछि पाथीभरा क्षेत्रमा केन्द्रित हुन थाल्यो । फरक के छ भने, कोशी नामांकरणविरुद्धको माग राज्यपक्षसँग जति जोडिन पुगेको छ, पाथीभरा क्षेत्रमा केबलकार विरुद्धको माग भने राज्यसँगै निजी व्यावसायिक प्रतिष्ठानतिर उनीहरुले लक्षित गर्न खोजेका छन् ।

केबलकार निर्माण गर्दा मौलिकता र परम्परा मेटिने जिकिर गर्दै युवाहरुको टोली नै बनाएर गस्ती खटाउन थालियो । पहिचानको आन्दोलनको नाममा पाथीभरा लेख्न नहुने र मुकुम्लुङ मात्रै लेख्नु पर्ने आवाज पनि उठ्यो । उनीहरुले पाथीभराको इतिहास खासै लामो नभएको दाबीसमेत गर्ने गरेका छन् जसलाई हिन्दु आस्थावानहरुले निको मानेका छैनन् ।

केबलकारको विरोधका लागि बलुडाँडामा पहिचान पक्षधरको सेल्टर छ । यो सेल्टरमा बसेर युवाहरुले केबलकारका लागि आउनेहरुलाई अवरोध गरेका छन् । सेल्टरमा पहिचानवादी मोर्चाले आफूसँग जोडिएका अन्य क्षेत्र र जिल्लाका युवाहरुलाई पालैपालो खटाउँछ । जसको पुष्टि शनिबारको घटनाले पनि गर्छ । घटनाका गम्भीर घाइते तीन जना स्थानीय होइनन्, पाँचथर तेह्रथुम र मोरङका छन् । पहिचानवादी मोर्चाले घोषणा गरेको आन्दोलनका लागि सो क्षेत्रमा लगेका हुन् ।

पहिचानवादी मोर्चाले मुकुम्लुङ आन्दोलनलाई प्रदेशको नामसँग पनि जोडेको छ । यो आन्दोलन सफल भए प्रदेश नामाङ्कनको आन्दोलनलाई बल पुग्ने उनीहरुको बुझाइ छ । आन्दोलनरत मोर्चाका नेता तथा किरात याक्थुङ चुम्लुङका केन्द्रीय अध्यक्ष प्रेम एक्तेन प्रदेश नामाङ्कन र मुकुम्लुङको आन्दोलन फरक भएको बताउँछन् । 'मुकुम्लुङ बचाउ आन्दोलन हाम्रो पहिचान र संस्कृति रक्षाको आन्दोलन हो,' उनी भन्छन्, 'नाम समग्र प्रदेशको आन्दोलन हो, यो (मुकुम्लुङ) प्रदेश भित्रको एउटा सामाजिक, सांस्कृतिक र ऐतिहासिक क्षेत्रसँग जोडिएको आन्दोलन हो ।'

मुकुम्लुङको 'नो केबलकार' आन्दोलन सफल भएपछि प्रदेशको आन्दोलनलाई सकारात्मक प्रभाव पर्ने उनको भनाइ छ । उनले मुकुम्लुङ क्षेत्रको समस्या समाधानको एक मात्र सर्त केबलकार निर्माणको निर्णय खारेजी भएको बताए । केबलकार निर्माणको निर्णय खारेजीको मागसहित मोर्चाले ताप्लेजुङ बन्द आह्वान गरेको छ । बन्द फिर्ताका लागि पनि निर्माणको निर्णय खारेज हुनुपर्ने तर्क गर्छन् ।

### कस्तो बन्छ केबलकार ?

पाथीभरा दर्शन गरेर फर्कन पैदल यात्रा गर्नुपर्छ । केबलकार निर्माण भए एक दिनको बाटो १० मिनेटमा छोटिने छ । प्रस्तावित केबलकारले प्रतिघण्टा एक हजार जना तीर्थयात्री बोक्न सक्छ । केबलकार निर्माणका लागि ३ अर्ब लागत अनुमान छ । काम सुरु भए डेढ वर्ष भित्र निर्माण सम्पन्न गर्ने गरी हिमालय कन्स्ट्रक्सनले ठेक्का लिएको छ ।

फुङलिङ नगरपालिका-११ मा रहेको काफ्लेपाटीबाट पाथीभरा मन्दिर परिसरभन्दा करिब सात सय मिटर तलसम्म केबलकार निर्माण हुनेछ । केबलकारको दूरी २.७५ किलोमिटर हुनेछ । केबलकारमा १३ वटा खम्बा (टावर)मा ३८ वटा गोन्डोलाज (केबलकारको बसेर यात्रा गर्ने बक्स) गर्ने प्रस्ताव छ । ताप्लेजुङका सांसद योगेश भट्टराई। उनले केबलकारमा स्थानीय युवालाई रोजगारी, वृद्ध, बालबालिकालाई नि:शुल्क, अनि ताप्लेजुङवासीलाई ५० प्रतिशत छुट दिन माग गरेका छन् ।

निर्माणपछि ७५ वर्ष माथिका ज्येष्ठ नागरिक र ३ फिट मुनिका बालबालिकाले नि:शुल्क यात्रा गर्न पाउने छन् । निर्माण कम्पनीले ताप्लेजुङको फेदीमा रिसोर्ट सञ्चालन नगर्ने र प्रस्थान बिन्दुमा भने रिसोर्ट रहने जनाएको छ । पाथीभरामा दर्शनका लागि अहिले वार्षिक ५ लाख हाराहारी पर्यटक पुग्छन् । केबलकार निर्माण भएपछि यो संख्या दोब्बर हुने निर्माण पक्षको दाबी छ । केबलकारमा स्थानीयलाई रोजगारी दिने कम्पनीले जनाएको छ। केबलकार बनेपछि ताप्लेजुङको फुङलिङ मात्रै होइन, पाँचथर फिदिमसम्मको व्यापार फस्टाउने दाबी पनि निर्माण पक्षले गरेको छ ।

निर्माण पक्षले स्थानीयको रोजगारी, विभिन्न सुविधा सहुलियत लगायत अहिले नै घोषणा गरेर आश्वस्त गराउनुपर्ने माग जनप्रतिनिधिहरुले गरेका छन् । ताप्लेजुङका सांसद योगेश भट्टराईले युवालाई रोजगारी, वृद्ध, बालबालिकालाई नि:शुल्क अनि ताप्लेजुङवासीलाई ५० प्रतिशत छुट दिन माग गरेका छन् । उनले तनावलाई शान्तिपूर्ण समाधान खोज्न राज्य र आन्दोलनकारी दुवै पक्षलाई आह्वान गरेका छन् ।

(स्रोत: अनलाइनखबर)

# सामाजिक सञ्जालमा...

### अव्यावहारिक र प्राविधिक रूपमा त्रुटिपूर्ण

वास्तविक र छद्म पहिचानको व्यवस्था प्राविधिक रूपमा त्रुटिपूर्ण र व्यवहारमा कार्यान्वयन गर्न नसकिने किसिमको समेत रहेको छ । यदि सरकारले आफ्नो वास्तविक परिचय लुकाएको छद्मभेषी भनी कसैलाई कारबाही गर्न खोज्छ भने उसको वास्तविक परिचय कसरी खोज्ने हो ? यदि वास्तविक परिचय भेटेर कारबाही गर्न सम्भव हुन्छ भने उसले वास्तविक परिचय लुकाएको कसरी भन्न मिल्छ ?

वास्तविक पहिचान कोसँग लुकाउँदा लुकाएको मानिने ? सामाजिक सञ्जाल सञ्चालकलाई वास्तविक पहिचान दिएको तर सार्वजनिक रूपमा लुकाएको अवस्थामा त्यसको परिणाम के हुने ? सामाजिक सञ्जालमा सञ्चालित सामूहिक एकाउन्ट र पेजको हकमा के गर्ने ? उदाहरणका लागि ट्रोल नेपाल वा मिम नेपाल लगायत पेजहरूको 'वास्तविक' पहिचान के हुनसक्छ ? प्राकृतिक वा कानूनी व्यक्ति बाहेकको कुनै इन्टिटीले सामाजिक सञ्जाल सञ्चालन गर्छ भने त्यसको पहिचान राज्यले कसरी गर्छ ?

यी लगायत यस्ता तमाम प्राविधिक प्रश्नहरूको उत्तर यस विधेयकमा छैन । सुरुमै चर्चा गरिए जस्तो व्याख्याको असीमित स्वेच्छाचारी अधिकार कुनै निकायमा निहित राखिदिएर फौजदारी कानून बनाउने सुविधा हामीसँग छैन । यस विधेयकका पक्ष-विपक्षमा सामाजिक सञ्जाल र मूलधारका सञ्चार माध्यममा बहस, विवेचना, चर्चा, परिचर्चा भइरहेकै छन् । अधिकांशले नेपाली कांग्रेसका महामन्त्री गगन थापालाई यस विधेयकको विरोध किन नगरेको भनेर प्रश्न गरिरहेका छन् । पाँच वर्षअघि तात्कालिक सरकारले यस्तै प्रावधान राखेर सूचनाप्रविधि विधेयक ल्याउँदाखेरि गगनले विरोध गरेको भिडियोहरू पुन: सतहमा आइरहेका छन् । *(साभार: अनलाइनखबर)*

# फिल्मको रिलिज रोकिएको विषयमा जब भक्कानिइन् दिव्या



काठमाडौं/अभिनेता दीलिप रायमाझीकी छोरी दिव्याको पहिलो फिल्म हो, 'एक्टर : टेक वान' । तर, उनको डेब्यु फिल्म कहिले भिडन्तको डरले सर्‍यो त कहिले नामलाई लिएर विवाद उत्पन्न भएपछि अदालतले नै रिलिज रोकिदियो । गत कात्तिक १५ गतेबाट सरेर यो फिल्म माघ १६ गते आइपुगेको थियो । तर, अदालतले रिलिज रोक्न आदेश दिएपछि उक्त मितिमा पनि फिल्म रिलिज हुन पाएन ।

अदालतमा मुद्धा हालेका अर्को 'एक्टर'का निर्मातासँग बिहीबार सहमति भएपछि अब दिव्याको फिल्म भोलि शुक्रबारबाट दर्शकले हेर्न पाउने भएका छन् । फिल्मको रिलिजबारे जानकारी दिन बिहीबार काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा उनी निराश र भावुक देखिइन् । अदालतबाट फिल्मको रिलिज रोक्न आदेश आउँदा उनी निकै दु:खी भएकी रहेछिन् ।

'फिल्मको रिलिज नै रोकिएपछि 'म कहाँ आएँ' भन्ने भएको थियो । मैले त कतिधेरै सपना र अपेक्षा बोकेर आएको थिएँ । रिलिजको एक दिनअघि फिल्म नै रिलिज नहुने भन्ने सुनेंपछि एकदमै दु:ख लागेको थियो,' यति भन्दाभन्दै उनी भक्कानिइन् । यसपछि बोल्नै सकिनन् । र, खल्तीबाट टिस्यु निकालेर आँसु पुछिन् ।

पत्रकार सम्मेलनको अन्त्यमा उनलाई एउटा प्रश्न सोधियो, 'यस्ता घटनाले तपाईंजस्तो नवप्रवेशीलाई कस्तो प्रभाव पार्छ ?' जवाफमा उनले भनिन्, 'यस्तो घटना कसैले पनि भोग्नु नपरोस् । फिल्म क्षेत्रमा छिर्दा नै यस्तो 'इन्सिडेन्ट' हुँदा म त के भनुँ र के गरुँ भन्ने अवस्थामा पुगेको थियो । लामो समयपछि मेरो सपना पूरा हुँदैछ भनेर म एकदमै खुसी थिएँ । जब फिल्मको रिलिज रोकियो भन्ने खबर सुनें, म स्तब्ध भएँ । अब फिल्म रिलिज हुने कुराले अलि 'रिलिफ' महसुस गरेकी छु ।'

फिल्मका मुख्य अभिनेता प्रदीप खड्काले भने घुमाउरो रुपमा अदालतले विवेक प्रयोग नगरेको टिप्पणी गरे । 'सरकारी निकायबाट स्वीकृति लिएर अनि सेन्सर पास भइसकेपछि पनि रिलिजको संघारमा आएर फिल्म रोकिन सक्छ भन्देखि यसले के उदाहरण पेस गर्छ ? यसमा विवेक प्रयोग भएको छैन । कहाँ-कहाँबाट विवेक प्रयोग भएन, त्यो पछि समीक्षा गरौंला,' उनी सुनिए ।

फिल्मकोसेन्सर भइसकेपछि रिलिज हुन पाउनुपर्ने प्रदीपको धारणा छ । भन्छन्, 'सेन्सर पास भइसकेपछि फिल्म रिलिज हुनैपर्छ । रिलिज हुँदै गर्दा पनि बहस र सल्लाह हुनसक्छ । कोही पीडित हो भने त्यो निक्यौंल गरेर क्षतिपूर्ति पनि तिराउन सकिन्छ । तर, यो फिल्मको हकमा यी कुनै पनि विषय होइन ।' यद्यपि, विवाद समाधान भएकोमा उनले खुसी व्यक्त गरे ।

त्यस्तै, फिल्मका निर्देशक राजन भुसाल अदालतबाट प्रदर्शन रोक्न आदेश आएपछि अब फिल्म नै नबनाउने मनस्थितिमा पुगेका रहेछन् । '२/३ दिनदेखि जुन किसिमको 'मेन्टल प्रेसर' थियो, त्यसले गर्दा म यो क्षेत्र नै छाडिदिन्छु भन्ने अवस्थामा पुगेको थिएँ । अब दर्शकहरुले राम्रो काम गर्न सक्ने रहेछ भन्नुभएछ भने आगामी दिनमा पनि फिल्म बनाउँछु । नभए सोच्न बाध्य हुनेछु,' उनले भने ।

# 'सक्किगोनि' समूहको फिल्म 'लाज शरणम्'को टिजरमा के छ ?



काठमाडौं/हास्य टेलिसिरियल 'सक्किगोनि' समूहले निर्माण गरेको पहिलो फिल्म 'लाज शरणम्'को टिजर सार्वजनिक गरिएको छ । बिहीबार सोनाम ल्होसारको अवसर पारेर सार्वजनिक टिजरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ । विदेशबाट डोल्पा पुगेको कफिन (शव राखेर ल्याइने बाकस)को वरिपरि घुमेको टिजरले वैदेशिक रोजगारीमा जानुपर्ने नेपाली युवाको बाध्यतालाई पनि चित्रण गर्छ ।

डोल्पाको एक गाउँमा घरघरको छतमा धुपीको राँको बालेको दृश्यबाट सुरु भएको टिजर 'सक्किगोनि'का चर्चित पात्र 'पाँडे' अर्थात् अर्जुन घिमिरेको इन्ट्रीसँगै सकिन्छ । यो बीचमा कफिनका कारण उत्पन्न हुने घटनाक्रमलाई रोचक ढंगले देखाइएको छ । टिजरमा सिताराम कट्टेल (धुर्मुस)को गेटअप र बोल्ने शैलीले ध्यान खिच्छ । उनी नेताको भूमिकामा छन् ।

कुमार कट्टेलको निर्देशनमा तयार भएको फिल्ममा सितारामसहित विजय बराल, अर्जुन घिमिरे, मुकुन्द श्रेष्ठ, महेश त्रिपाठी, विजय बराल, अर्पण थापा, माला लिम्बू, सागर लम्साल, हरिष निरौला, कमलमणि नेपाललगायतको अभिनय छ । निर्देशक कट्टेल स्वयंको कथा रहेको फिल्मको पटकथा लेखनमा उनलाई दीपक आचार्यले सघाएका छन् ।

महाशिवरात्रिको दिन पारेर आगामी फागुन १४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्ममा नवीन श्रेष्ठ निर्माता तथा राम नरेश साह र सृजना खड्का सह-निर्माताको रूपमा रहेका छन् । यसको छायांकन सुदीप बरालले गरेका हुन् । शंकर महर्जनको द्वन्द्व निर्देशन रहेको फिल्मलाई मिलन श्रेष्ठले सम्पादन गरेका हुन् । फिल्मको एउटा गीतमा काठमाडौंका मेयर बालेन शाहले स्वर दिएका छन् ।

# 'फेरि रेशम फिलिली': 'जालमा' गीतको सिक्वेल सार्वजनिक

काठमाडौं/९ वर्षअघिको लोकप्रिय गीत 'जालमा'को सिक्वेल 'फेरि जालमा' बिहीबार सार्वजनिक गरिएको छ । फिल्म 'फेरि रेशम फिलिली'मा समावेश उक्त गीतमा कालीप्रसाद बाँस्कोटाको संगीत छ भने उनीसहित सोमिया बराइलीको पार्श्व गायन छ । मानस राजले गीतको शब्द लेखेका हुन् । 'जालमा'कै धुन र लयमा तयार पारिएको गीतमा 'पारी त्यो डाँडामा हेर घाम लाग्यो'को अंश पनि समावेश छ ।

प्रदीप लामाको नृत्य निर्देशन तथा शिवराम श्रेष्ठको छायांकन रहेको गीतको भिडियोमा फिल्मका मुख्य जोडी विनय श्रेष्ठ र सुपुष्पा भट्ट चित्रित छन् । गीतमार्फत् उनीहरुको प्रेम दर्शाउन खोजिएको छ । युट्युबमा गीत सार्वजनिक भएसँगै सकारात्मक प्रतिक्रियाको ओइरो लागेको छ । धेरैले गीत र माइलो र 'क्याच्ची' रहेको प्रतिक्रिया जनाएका छन् । 'फेरि रेशम फिलिली' ९ वर्षअघिको फिल्म 'रेशम फिलिली'को दोस्रो श्रृंखला हो । निर्देशक र केही कलाकार हेरफेर गर्दै निर्माण भएको फिल्मलाई निरज महर्जनले निर्देशन गरेका हुन् । अघिल्लो श्रृंखलाका निर्देशक भने प्रणव जोशी हुन् । आगामी फागुन १४ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्मले अमेरिकाप्रति नेपालीहरुको आकर्षण र आशक्तिको कथा भन्नेछ ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# तीन तहका सरकारलाई बाँडियो खानेपानी अधिकार

काठमाडौं, १७ माघ/ खानेपानी मन्त्रालयलेल्याएको 'खानेपानी तथा सरसफाइ नियमावली २०८१' ले प्रत्येक सरकारलाई अधिकार क्षेत्र तोकेको छ । खानेपानी तथा सरसफाइ ऐन २०७९ कार्यान्वयन गर्न बनेको नियमावली अधिकार सहित आएको हो । नियमावली अनुसार अब अधिकांश साना आयोजना स्थानीय तहलाई आउने भएको छ । १५ करोडसम्मको आयोजनाको अधिकार स्थानीय तहलाई दिने नियमावलीमा उल्लेख छ । यस्तै १५ देखि ५० करोड रुपैयाँसम्म प्रदेश सरकारलाई र त्योभन्दा बढीको संघीय सरकारले हेर्ने गरी नियमवाली आएको हो । खानेपानी, सरसफाइ सम्बन्धी सेवा प्रदायकहरूलाई नियमनको विषय पनि नियमावलीमा समेटिएको छ ।



### समन्वयमा मात्रै खानेपानी र ढलको काम

अब खानेपानी उपभोक्ता संस्थाहरू स्थानीय तहमै दर्ता हुने व्यवस्था भएको छ । नियमावलीमा खानेपानी सेवा क्षेत्रमा दोहोरोपना हुने गरी र उपयोग भइहेको पानीको परिमाणमा कटौती हुने गरी संस्था दर्ता गर्न नपाउने समेत उल्लेख छ । यस्तै सेवा प्रदायकले सम्बन्धित स्थानीय तहसँग समन्वय गरेर मात्रै काम गर्नुपर्ने नियमावलीमा आएको छ । नियमावलीले घरेलु प्रयोजनका लागि भएका खानेपानी आयोजना बाहेक खानेपानी तथा सरसफाइ सेवा सर्वेक्षण, निर्माण तथा सञ्चालन गर्न अनुमति लिनुपर्ने नयाँ व्यवस्था ल्याएको छ । खानेपानी सेवा प्रदायकहरूले अनुमतिपत्र लिनुपर्ने र त्यसको विवरण सबै तहको सरकारलाई जानकारी दिनुपर्ने व्यवस्था गरिएको छ ।

नियमावलीमा खानेपानी महसुल निर्धारण आयोगले निर्धारण गरेभन्दा बढी शुल्क तथा महसुल लिए अनुमतिपत्र खारेज हुन सक्ने प्रावधान छ । २ हजारभन्दा बढी धारा भएका खानेपानी सेवा प्रदायकले कुल महसुलको १ प्रतिशत रकम नेपाल सरकारको राजस्व खातामा जम्मा गर्नुपर्ने छ । त्यस्तै, विपन्न वर्गलाई धारा तथा ढल जडान बापत शुल्क तथा महसुलमा छुट दिनुपर्ने व्यवस्था समेत नियमावलीमा छ ।

### प्रशोधन गरेर मात्रै ढल निकास

खानेपानी तथा सरसफाइ नियमावलीमा औद्योगिक क्षेत्रबाट निस्केको ढल प्रशोधन गरेर मात्रै निकास प्रणालीमा जोड्नुपर्ने उल्लेख छ । 'औद्योगिक तथा व्यापारिक क्षेत्रबाट उत्सर्जित फोहोर पानी नेपाल सरकारले तोकेको मापदण्ड पालना हुने गरी प्रशोधन गरेरमात्र ढल निकास प्रणालीमा जोड्नुपर्ने छ,' नियमावलीमा छ । नियमावली अनुसार नेपालमा विदेशी संगठित संस्थाले निर्माण गर्न चाहेको खानेपानी तथा सरसफाइ सेवासम्बन्धी आयोजनमा कुल लगानीको कम्तीमा २० प्रतिशत लगानी नेपाली हुनुपर्ने व्यवस्था छ ।

यस्तै प्रशोधन सहित ढल निकास सेवा सम्बन्धी आयोजनामा कुल लगानीको कम्तीमा १० प्रतिशत लगानी नेपाली नागरिकको हुनुपर्ने व्यवस्था समेटिएको छ । विदेशी संगठित संस्थाले नेपालमा खानेपानी तथा सरसफाइ सम्बन्धी आयोजनामा लगानी गर्न कुनै एक मुलुकमा खानेपानी तथा सरसफाइ पूर्वाधार निर्माण र सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्य सम्पन्न गरेको विवरण बुझाउनुपर्ने छ । यस्तै, बोतलबन्द वा थोक खानेपानीको निर्यात तथा व्यापार गर्नेबारे पनि नियमावलीमा उल्लेख छ । अनुमतिपत्र प्राप्त संस्थाले बोतलबन्द वा थोक खानेपानी निर्यात तथा व्यापार गर्दा गुणस्तर, प्रशोधन विधि र प्रयोजन स्पष्ट उल्लेख गर्नुपर्ने छ ।

'पानीको थोक खरिद बिक्री' भन्नाले नेपाल सरकार वा अनुमतिपत्र प्राप्त संस्थाले घरेलु, सार्वजनिक, संस्थागत, व्यावसायिक तथा औद्योगिक प्रयोजनका लागि एउटै खानेपानी प्रणालीबाट कम्तीमा ५० लाख लिटर प्रतिदिन उपलब्ध हुने गरी प्रशोधित, अर्धप्रशोधित वा अप्रशोधित पानी खरिद वा बिक्री गर्ने कार्य सम्झनुपर्छ,' नियमावलीमा छ ।

### आयोजना क्षमता अनुसार सरकारको जिम्मेवारी

नियमावलीले संघीय सरकार, प्रदेश सरकार स्थानीय सरकारलाई खानेपानी, सरसफाइ आयोजना अनुसार जिम्मेवारी दिएको छ । संघीय सरकारले राष्ट्रिय गौरवका खानेपानी तथा सरसफाइ आयोजना सार्वजनिक-निजी साझेदारी तथा लगानी ऐन, २०७५ बमोजिम सञ्चालन हुने ठूला खानेपानी तथा सरसफाइ आयोजना जस्ता आयोजना हेर्ने भएको छ । बाँधको उचाइ १० मिटरभन्दा बढी जलाशययुक्त खानेपानी आयोजना, एक किलोमिटर भन्दा बढी लामो सुरुङ भएको खानेपानी आयोजना जस्ता ठूला आयोजना हेर्ने भएको हो ।

१५ करोड रुपैयाँभन्दा बढी ५० करोड रुपैयाँसम्मको लागत भएका वा आयोजना सम्पन्न गरिने वर्षमा तराईमा ८ हजारभन्दा बढी १५ हजारसम्म, पहाडमा २ हजार भन्दा बढी ५ हजारसम्म वा हिमाली क्षेत्रमा ५ सयभन्दा बढी एक हजार सम्म जनसंख्या लाभान्वित हुने खानेपानी तथा सरसफाइ आयोजना प्रदेश सरकारको जिम्मेवारीमा आएको छ । बाँधको उचाई १० मिटरसम्म भएको जलाशययुक्त खानेपानी आयोजना सञ्चालन गर्ने जिम्मेवारी र दायित्व प्रदेश सरकारको हुनेछ । १५ करोड रुपैयाँसम्मको लागत भएको आयोजना स्थानीय तहको हुनेछ ।

### लाइसेन्स सम्बन्धी व्यवस्थामा के छ ?

नियमावलीले खानेपानीको संस्थागत तथा व्यावसायिक उपयोग गर्न वा गराउन र सरसफाइ तथा ढल निकास सेवाको सर्वेक्षण, निर्माण, सञ्चालन तथा व्यवस्थापन सम्बन्धी अनुमतिपत्र (लाइसेन्स) व्यवस्था गरेको छ । जसमा खानेपानी तथा सरसफाइ र ढल निकास सेवाको छुट्टाछुट्टै अनुमतिपत्र लिनुपर्ने छ । त्यसमा पनि काठमाडौं उपत्यका र उपत्यका बाहिरको नगरपालिका तथा गाउँपालिकाका लागि छुट्टाछुट्टै अनुमतिपत्र दस्तुर तोकेको छ ।

खानेपानी, सरसफाइ वा ढल निकास सेवाको छुट्टाछुट्टै लाइसेन्सका लागि उपत्यकाभित्र १० वर्षसम्म अवधिलाई न्यूनतम ७५ हजार रुपैयाँ वा अनुमानित लागतको ०.२ प्रतिशतले हुन आउने रकममध्ये जुन बढी हुन आउँछ, सोही रकम लाग्ने छ । उपत्यकाभित्र १० वर्षभन्दा बढी अवधिका लागि अनुमति लिन चाहे न्यूनतम १ लाख रुपैयाँ वा अनुमानित लागतको ०.३ प्रतिशतले हुन आउने रकममध्ये जुन बढी हुन्छ, त्यहि लागु हुनेछ । यस्तै, काठमाडौं उपत्यका बाहिरका नगरपालिकाभित्र १० वर्षसम्मको अनुमति लिन न्यूनतम ४० हजार रुपैयाँ वा अनुमानित लागतको ०.१५ प्रतिशतले हुन आउने रकममध्ये बढी हुन आउने रकम र १० वर्षभन्दा बढी अवधिका लागि भए न्यूनतम ५० हजार वा अनुमानित लागतको ०.२ प्रतिशतले हुन आउने रकममध्ये बढी हुन आउने रकम निर्धारण गरिएको छ ।

काठमाडौं उपत्यका बाहिरका गाउँपालिकाभित्र भने १० वर्षका लागि न्यूनतम १५ हजार वा अनुमानित लागतको ०.०७ प्रतिशतले हुन आउने रकममध्ये बढी हुन आउने न्यूनतम २५ हजार वा अनुमानित लागतको ०.१ प्रतिशतले हुन आउने अनुमतिपत्र लिँदा लाग्ने दस्तुरको २० प्रतिशतले हुने रकम र १० वर्षभन्दा बढी अवधिका लागि न्यूनतम २५ हजार रुपैयाँ वा अनुमानित लागतको ०.१ प्रतिशतले हुन आउने रकममध्ये बढी हुन आउने रकम र अनुमतिपत्र लिँदा लाग्ने दस्तुरको २० प्रतिशतले हुने रकम निर्धारण गरेको छ ।

खानेपानी तथा सरसफाइ र ढल निकास सेवाको एकमुष्ट अनुमतिपत्रका लागि भने डेढ गुणा बढी शुल्क लाग्ने भएको छ । खानेपानी र सरसफाइको एकमुष्ट अनुमतिपत्रका लागि १० वर्ष अवधिसम्म १.५ गुणाले हुने रकम लाग्ने र १० वर्षभन्दा बढी अवधिका लागि पनि सोही नियम लागु हुने नियमावलीमा उल्लेख छ ।

*(स्रोत: अनलाइनखबर)*

# अंगारेश्वरमा श्रीमद्भागवत सप्ताह गरिने

साझाकुरा संवाददाता



हेटौंडा, १७ माघ/ मकवानपुरको हेटौंडा उपमहानगरपालिका-१७, ठूलोगंगटेमा श्रीमद्भागवत सप्ताह हुँदैछ । अंगारेश्वर धार्मिक तथा पर्यटनस्थलमा यही माघ ३० गतेदेखि फागुन ७ गतेसम्म 'श्रीमद्भागवत सप्ताहज्ञानमहायज्ञ' हुने भएको हो ।

महायज्ञ अंगारेश्वर धार्मिक तथा पर्यटनस्थल, अंगारेश्वर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति, अंगारेश्वर टोल विकास संस्था र अंगारेश्वर दूग्ध उत्पादक सहकारी संस्था लि.को संयुक्त आयोजनामा हुन लागेको हो । नियमित सत्सङ, आध्यात्मिक प्रवचनको आरम्भ गरी सनातन धर्म, संस्कार संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले महायज्ञ गर्न लागेको मूल समारोह समितिका संयोजक कृष्णदेव भण्डारीले बताए । भण्डारी अंगारेश्वर धार्मिक तथा पर्यटनस्थलकै अध्यक्ष हुन् ।

महायज्ञ सम्पन्न गर्न विभिन्न उपसमिति गठन गरिएको छ । सहसंयोजक तथा प्रसादी व्यवस्थापनमा मीनप्रसाद दाहाल, अर्थ समितिमा धर्मराज अर्याल, प्रचार समितिमा चुडामणि रुपाखेती, पूजा समितिमा केशव भुजेल, अतिथि सत्कार तथा सम्मान समितिमा माया राना, सरसफाई समितिमा ॐप्रसाद अधिकारी र समान खरिद समितिमा शमशेर पुडासैनीलाई संयोजक तोकिएको छ ।

महायज्ञबाट संकलन भएको रकमबाट मन्दिर परिसरभित्र १० फिट अग्लो आधारस्तम्भमा १० फिट अग्लो महादेवको ध्यानावस्थाको मूर्ति स्थापना गर्ने, मन्दिर परिसरमा भएको सभाहललाई स्थरोन्नति गर्ने, मन्दिरको जग्गामा घेराबारा (पर्खाल) निर्माण गर्ने लक्ष्य रहेको आयोजकले जनाएको छ ।

# भलिबलमा १२, ६ र १७ नम्बर वडा विजयी

साझाकुरा संवाददाता

हेटौंडा, १७ माघ/प्रथम हेटौंडा-१२ वडाअध्यक्ष कप खुल्ला पुरुष भलिबल प्रतियोगिता हेटौंडामा जारी छ । बिहीवार भएको खेलमा हेटौंडा उपमहानगरपालिका वडा नम्वर १२, वडा नम्वर ६ र वडा नम्वर १७ विजयी भएका छन् ।

बिहीवार भएको पहिलो खेलमा हेटौंडा-१२ विजयी भएको छ । हेटौंडा-१३ लाई ३-१ को सेटमा पराजित गर्दै हेटौंडा-१२ विजयी भएको हो । पहिलो सेट २५-२० ले गुमाएको १२ नम्वर वडाले दोस्रो, तेस्रो र चौथो सेटमा पुनरागमन गर्दै जित हासिल गर्‍यो । हेटौंडा-१२ ले दोस्रो सेट २५-१०, तेस्रो सेट २५-१९ र चौथो सेट २५-१२ ले आफ्नो पक्षमा पार्‍यो । हेटौंडा-१२ का उत्सब आलेमगर खेलको म्यान अफ द म्याच घोषित भए ।

यसैगरी बिहीवार भएको दोस्रो खेलमा हेटौंडा-१५ लाई २५-२३, २५-२२ र २५-२२ को सोझो सेटले पराजित गर्दै हेटौंडा-६ विजयी भएको छ । हेटौंडा-६ का विवेक माझी खेलको म्यान अफ द म्याच घोषित भए । यसैगरी तेस्रो खेलमा हेटौंडा-१७ विजयी भएको छ । हेटौंडा-१९ लाई २५-२२, २५-१७ र २५-१८ को सोझो सेटले पराजित गर्दै हेटौंडा- १७ विजयी भएको हो ।

हेटौंडा-१७ का विशेष थापामगर खेलको म्यान अफ द म्याच घोषित भए । माघ १८ गते ४ वटा खेल सञ्चालन हुने कार्यक्रम संयोजक मनोज लामास्याङतानले जानकारी दिए । माघ १९ गतेसम्म सञ्चालन हुने प्रतियोगितामा प्रथम हुने टिमले नगद ५० हजार रुपैयाँ, दोस्रो हुने टिमले नगद ३० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन् । यसैगरी विधागततर्फ उत्कृष्ट खेलाडीलाई पनि पुरस्कार प्रदान गरिनेछ ।

# १ हजार ६३ मेगावाट माथिल्लो अरुणमा भारत सकारात्मकर

काठमाडौं, १७ माघ/ विश्व बैंकको ऋण सहयोगमा नेपालले निर्माण गर्न लागेको १ हजार ६३ मेगावाटको माथिल्लो अरुण परियोजना अघि बढाउन दिन भारत सकारात्मक बनेको छ । २ खर्ब ८५ अर्ब रुपैयाँ लागत अनुमान गरिएको यो परियोजनामा लगानी गर्न विश्व बैंक लगायत दातासँग सहमति भइसकेको छ । तर, ऋण लगानी गर्नुअघि तल्लो तटीय लाभ पाउने मुलुक भारत तथा बंगलादेशको सहमति आवश्यक पर्ने भन्दै विश्व बैंकले त्यसका लागि उनीहरूलाई पत्राचार गरेको थियो ।

विश्व बैंकको पत्रमा बंगलादेशले केही प्राविधिक प्रश्न सोधेर पठाएकोमा त्यसमा नेपालले जवाफ दिइसकेको छ । यो आयोजना अघि बढाउन बंगलादेश सकारात्मक भए पनि भारतले भने गत वर्ष निर्वाचनमा व्यस्त हुनुपरेको भन्दै कुनै प्रतिक्रिया दिएको थिएन ।

चुनाव सकिएर नयाँ सरकार बनेपछि पनि भारत सरकारबाट विश्व बैंकको पत्रमा कुनै प्रतिक्रिया नआएपछि परियोजना अघि बढ्ने कि नबढ्ने भन्नेमा अन्योल थियो । छिमेकीहरूको सहमति नआएको खण्डमा आयोजनामा लगानी गर्न नसकिने विश्व बैंकले बताउँदै आएको थियो ।

अरुण नदीमा भारतीय सरकारी कम्पनी एसजेभीएनले अन्य तीन आयोजना निर्माण गरिरहेकाले यो आयोजना पनि उसैले गर्ने चाहना राखेको सरकारी अधिकारीहरूले बताउने गरेका थिए । तर, एसजेभीएनले बनाउने योजनामा रहेको अरुण चौथो आयोजनालाई यसले समस्या पार्ने हो कि भन्ने भारतको मुख्य चासो रहेको सरकारी अधिकारीहरू बताउँछन् । तर, पछिल्लो समय भारतसँग यसबारे निरन्तर संवाद भइरहेको र त्यसमा भारत यो परियोजनालाई सहमति दिन सकारात्मक रहेको ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दिपक खड्काले संचार कर्मीलाई बताए ।

नेपालको एउटा 'गेमचेन्जर' आयोजना भनिएको अपर अरुण संखुवासभा भोटखोला गाउँपालिकामा निर्माण हुँदैछ । एसजेभीएनले निर्माण गर्न लागेको अरुण चौथो प्रभावित हुन्छ कि भन्ने भारतीय चासो रहेकोमा संवादमार्फत त्यो चासो सम्बोधन गरिएको मन्त्री खड्काले बताए । अहिले एसजेभीएनले अरुण नदीमा ९ सय मेगावाट क्षमताको अरुण तेस्रो जलविद्युत आयोजना निर्माण गरिरहेको छ ।

*भुटनदेवी एल्मुनाई एशोसिएसनको*

**वार्षिक साधरणसभा सम्बन्धी सूचना**

यस एसोसिएसनको १९ औं वार्षिक साधरण सभा एवम् मित्र मिलन कार्यक्रम निम्न मिति, समय र स्थानमा हुने भएको हुँदा सम्पूर्ण सदस्य मित्रहरुलाई अनिवार्य उपस्थीतिको लागि हार्दिक निमन्त्रण गर्दछौं।

***कार्यक्रम विवरण***

मिति : २०८१ साल फाल्गुण १७ गते शनिबार
समय: विहान ७ बजे एल्मुनाईको सचिवालयबाट प्रस्थान गर्ने ।
स्थान: डे लेकसाइड सिम्लाङ होटल, मार्खु सिम्लाङ
(सम्पर्क नं. ९८५१११४१४९, ९८०४२०२४७७)
सहभागिता शुल्क : प्रति व्यक्ति रु १५००।- (एक हजार पाँच सय)

***थप जानकारीको लागि***

| | |
|---|---|
| १. श्री गणेश कुमार श्रेष्ठ | ९८५५०६९२२९ |
| २. श्री विजेन्द्र अग्रवाल | ९८४१४४५२२६ |
| ३. श्री सुरेश कुमार श्रेष्ठ | ९८४५०५७२५० |
| ४. श्री प्रेम लाल श्रेष्ठ | ९८५५०७१२८० |
| ५. श्री नरेन्द्र श्रेष्ठ | ९८४५०२२८९९ |
| ६. श्री प्रद्युम्न उपाध्याय | ९८५५०७१६९७ |
| ७. श्री अनिल खड्गी | ९८४९९३७४६१ |
| ८. श्री राजेन्द्र पोखेल | ९८४५०२५५४० |
| ९. श्री ध्रुवराज शर्मा | ९८४५१०६१२३ |
| १०. श्री सुदर्शन ढकाल | ९७६७४९३७०८ |
| ११. श्री उद्धव भट्टराई | ९८५११७०३८३ |
| १२. श्री लभनाथ रिजाल | ९८५५०५७४९६ |
| १३. श्री निरा गोर्खाली | ९८४५०२७३३१ |
| १४. श्री विष्णु गोपाल महर्जन | ९८५५०६७०२९ |
| १५. श्री कृष्ण गोपाल बर्तौला | ९८४५२६९५२३ |

***काठमाडौं सम्पर्क समिति***

| | |
|---|---|
| १. श्री अरुण खरेल | ९८४१८१७६३० |
| २. श्री उद्धव रावल | ९८४१३८४२४९ |
| ३. श्री राजेन्द्र पराजुली | ९८५१००६३८८ |

***सहभागीता शुल्क जम्मा गर्नको लागि***

ई सेवा नं. ९८५१०५८३९२
बैंक खाता नं. ०५०८३००४८१६८८०१८
कृषि विकास बैंक लि., कान्तिराजपथ, हेटौंडा
खाताको नाम: भुटनदेवी एल्मुनाई एसोसिएसन

**चन्द्र बहादुर थापा (अध्यक्ष)**
**९८५१०५८३९२**

**भुटनदेवी एल्मुनाई एशोसिएसन, परिवार**
**(भुटनदेवी मा.वि.का पूर्व विद्यार्थीहरूको संस्था)**
**हेटौडा-४ मकवानपुर**
**फोन नं. : ०५७-५९१३९२**

**सामाजिक अपराध र हिंसा विरुद्ध एकजुट होऔं**

☞ अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं,
☞ पिडितलाई न्यान दिलाउन सवैले सहयोग गरौं,
☞ हिंसा र अपराधका घटनालाई रोक्न सामुदायिक सचेतना फैलाऔं,
☞ महिला र बालबालिकाको सुरक्षामा ध्यान दिऔं,
☞ सामाजिक अपराध र हिंसा विरुद्ध एकतावद्ध भएर आवाज उठाऔं,
☞ अपराध भएको वा हुनसक्ने आशङ्का लागेमा तुरुन्त प्रहरीलाई खबर गरौं,
☞ सामाजमा हुने विभेद, भेदभाव, अन्याय र अत्याचारको सवै मिलेर अन्त्य गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

**यही माघ १७ गतेदेखि सञ्चालन हुँदैछ**

विर पुर्खा यातायात प्रा.लि.द्वारा संचालित ई.भि. हेटौंडा-फापरबारी हुँदै सिन्धुलीबाट चकमके तिन पाटनसम्म

| हेटौंडाबाट छुट्ने समय | सिन्धुलीबाट छुट्ने समय | चकमकेबाट छुट्ने |
|---|---|---|
| बिहान : ७:३० बजे | बिहान: ९:०० बजे | बिहान : ६:०० बजे |
| बिहान : १०:०० बजे | दिउँसो : २:३० बजे | विहान : ९:०० बजे |
| दिउँसो : १:३० बजे | दिउँसो : १२:१५ बजे | |

**नोट :**
☞ घरदैलो सेवा, सिजर्भको व्यवस्था ।
☞ नयाँ मोडलको गाडीहरु ।
☞ प्रति यात्रु ५ लाखको बिमा गरिएको छ ।
☞ दक्ष तथा अनुभवी चालकहरु ।



"नयाँ गाडिको आरामदायी मज्जा लिन कतै छुट्नु होला नि !"

काउन्टर लोकेशन: कान्तिराजपथ साझा बस लाग्ने स्थान सँगै
सम्पर्क नं.:९८५४०४२८८०, ०५७-५९१६५५, ९७६७४९०४४०
सिन्धुली सम्पर्क नं.: ९७६७४९३०३२

**अक्षराम्भ**

**आदरणीय अभिभावकज्यूहरु**

२०८१ माघ २१ गते श्री पञ्चमीको दिन विद्याको देवी सरस्वती माताको पुजा आराधना गरी मन्टेश्वरी एवम् नर्सरीमा १ दिन नि:शुल्क भर्ना गराई अक्षर शुभारम्भ गराउने कार्यक्रम भएको हुँदा आफ्नो घर वा वरपरका साना बाबु नानीहरुलाई लिई उपस्थित भइदिनुहुन विनम्र अनुरोध गरिन्छ ।

**ज्ञानोदय बाल वाटिका एकेडेमी**
हेटौंडा-२, संगम चोक
सम्पर्क नं.: ०५७-५२१७९०, ९८५५०६९८३०, ९८५५०७३३६५

हेटौंडा उपमहानगरपालिका
**१९ नं. वडा कार्यालय**
बस्तीपुर, हेटौंडा, मकवानपुर
बागमती प्रदेश, नेपाल

**आदरणीय सवै वडावासीहरुमा जानकारीको लागि अनुरोध !**

नेपालको संविधानको भाग ३ मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धि ब्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धि ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरूले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आृनो तर्फबाट सचेत भई अरूलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रूपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन हार्दिक अनुरोध छ । यदि वडा भित्र माथि उल्लेखित कानून बिरूद्धका कार्यहरू भए गरेमा कानून बमोजिम भइजाने ब्यहोरा पनि जानकारी गराइन्छ ।

नरनाथ सुवेदी (वडा अध्यक्ष)
एवम्
**१९ नं. वडा कार्यालय**

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना